जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

वर्ष ७ अंक ४१, २०७५ साल माघ २५ गते शुक्रबार, नेपाल संवत् ११३९ (Feb. 8, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## वाइडबडीमा तैं चुप मै चुप

काठमाडौं । एयरबस ३३० नामको वाइडबडी जहाज खरिद गर्दा ४ अर्बभन्दा बढी आर्थिक अनियमितता भएको ठहर लेखा समितिले गरेको थियो । लेखा समितिको ठहरसँगै यो प्रकरणले ठूलो चर्चा पाएर सरकारको भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिमाथि नै चौतर्फी प्रहार हुन थालेपछि सरकारले न्यायिक जाँचबुझ समिति गठन गरेर ढाकछोपको प्रयत्न ग-यो । संसदीय समितिले गरेको छानबिनमा एयरबस खरिद प्रकरणमा पूर्वमन्त्री, बहालवाला मन्त्री र सचिवहरु समेत बाँकी ८ पेजमा

## एनसेललाई कर तिराउने ऐतिहासिक फैसला


काठमाडौं । नेपालमा व्यवसाय गरेर अर्बौं मुनाफा विदेशमा लैजान सफल एनसेल कम्पनीले कम्पनीको स्वामित्व परिवर्तन गर्दा तिर्नुपर्ने पुँजीगत लाभकर नतिरी मुलुकलाई अर्बौंको नोक्सानी पु-याएको थियो । एनसेल स्वामित्व परिवर्तनमा लाभकर तिर्नुपर्छ र पर्दैन भन्नेबीच बहस हुँदै आएको थियो । विवादका बीच एनसेललाई लाभांस विदेश लैजान रोक लगाइएकोमा २०७४ पुस ३ गते न्यायाधीश डम्बरबहादुर शाहीको इजलासबाट लाभांस लैजान फुकुवा गरिएको बाँकी ८ पेजमा

# सरकार आर्थिक रूपमा असफल

काठमाडौं । दुईतिहाई बहुमतको सरकारले मुलुकमा कायापलट गराउने प्रचारबाजी राम्रैसँग गरे तापनि प्रचार हात्तीको देखाउने दाँत मात्र बन्न पुगेको छ । संसदमा समेत प्रधानमन्त्रीले झूटो तथ्यांकको खेती प्रस्तुत गर्दै मुलुक विकास र समृद्धिको बाटोमा फड्को मारिरहेको तर्क पेश गरिरहेको भए तापनि मुलुकको हालत त्यसभन्दा विपरीत बाटोमा गइरहेको तथ्य सतहमा देखिन थालेपछि सरकारका अर्थमन्त्री र अर्थतन्त्रको जिम्मा लिने निकायहरु समेत अत्तालिन थालेका छन् । अर्थतन्त्रमा गम्भीर समस्या देखिन थालेपछि अर्थमन्त्री डा. युवराज खतिवडाले आकस्मिक बैठक बोलाई समस्या समाधानका उपायहरु खोजी गर्ने प्रयास थालेका छन् ।

बैंकहरुमा तरलता अभाव हुन थालेपछि ब्याजदर बढाएर व्यवसायीहरुलाई बैंकले दबाबमा पारेपछि व्यावसायीहरु विभिन्न ठाउँमा आन्दोलनमा उत्रिएका छन् । विकासले गति लिन नसक्दा बजारमा नगद प्रवाह हुन सकेको छैन । विदेशी लगानी र विभिन्न मुलुकबाट प्राप्त हुने नगद अनुदानमा समेत ठूलो गिरावट आएपछि अर्थतन्त्र जोखिममा पर्न थालेको हो । जोखिम टार्ने प्रयासस्वरुप अर्थमन्त्री खतिवडाले नेपाल राष्ट्रबैंकका गभर्नर, डेपुटी गभर्नरहरु, उद्योग वाणिज्य आपूर्ति मन्त्रालयका सचिव र नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल बैंकर्स संघलगायत आर्थिक क्षेत्रसँग सम्बन्धित संघसंस्थाका पदाधिकारीहरुको बैठक डाकी गम्भीर छलफल गरेका छन् ।

अर्थमन्त्रालयका अनुसार अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न र तरलता अभाव र ब्याजदरका बारेमा उचित सम्बोधन गर्न राष्ट्र बैंकलाई अर्थमन्त्रीले बैठकबाट प्राप्त सुझावका आधारमा निर्देशन दिएका छन् । अर्थतन्त्रका सूचकहरु नकारात्मक देखिन थालेपछि अर्थमन्त्रीले थालेको प्रयासले कुन तहसम्मको निकास दिने हो यो भने भविष्यले बताउला तर चानचुने प्रयासले आर्थिक समस्या नटर्ने यस क्षेत्रका विज्ञहरु बताउन थालेका छन् । मुलुकमा व्याप्त भ्रष्टाचार, प्रशासनिक ढिलासुस्ती, विकास आयोजनामा भइरहेका चरम लापर्बाही, झन्झटिला ऐन, कानुन, चर्को कमिसनको सञ्जाल जस्ता कुराले विदेशी लगानी भित्रिन समेत बाधा उत्पन्न



भइरहेको छ भने स्वदेशी अर्थतन्त्र चलायमान हुन सकेको छैन । जसले गर्दा पटक पटक तरलताको अभाव देखिने गरेको छ । तरलताको अभाव देखाएर बैंकहरुले नयाँ व्यवसाय गर्न खोज्नेलाई ऋण लगानीमा निरुत्साही बनाउने गरेका छन् । सरकारको नीति कार्यक्रम र कागजका ठेलीहरुमा राम्रा कुरा लेखिएका भए तापनि तिनको कार्यान्वयन पक्ष अत्यन्तै फितलो देखिएको छ ।

सबैभन्दा मूल कुरो त अहिले सरकाराको पुँजीगत खर्चको अवस्था एकदमै कमजोर रहेको छ । पुँजीगत खर्चको माध्यमले बजारमा नगद प्रवाह हुन सके मात्र सबै क्षेत्र चलायमान देखिन्छ । सरकारले विभिन्न खाले करको माध्यमबाट बजारको पैसा बटुले पनि त्यसलाई पुँजीगत खर्च अथवा विकासतर्फको खर्चका माध्यमबाट बाहिर निकाल्न सकिरहेको छैन । चालु आर्थिक वर्षको सात महिना बितिसकेको अवस्थामा पनि संघीय सरकारले २० प्रतिशतभन्दा बढी पुँजीगत खर्च गर्न सकेको छैन । प्रदेश र स्थानीय तहको हाल झनै खराब देखिएको छ । १० प्रतिशतको हाराहारीमा मात्र उनीहरुले खर्च गर्न सकेका छन् । विकासमा देखिएको कछुवा शैलीलाई कर्मचारीहरु ऐन, कानुन निर्माणमा ढिलासुस्ती भएकोतर्फ देखाएर पन्सने गरेका छन् । समयमै बजेट आउँदा पनि असारे विकास पर्खने मानसिकतामा परिवर्तन नभएकै कारण माघ महिना बितिसक्दा पनि कामको गति सुस्त बनिरहेको छ ।

बजारमा देखिएको तरलताको अभावले गर्दा सबै क्षेत्रमा नकारात्मक प्रभाव परिरहेको छ । शेयर बजारमा देखिएको अस्वाभाविक ढंगको गिरावटमा पनि तरलता अभाव जिम्मेवार रहेको छ । घरजग्गाको कारोबारमा पनि मन्दी आएको छ । पैसाको अभावले मोटरगाडी, मोटरसाइकल, इलेक्ट्रिक सरसामान खरिद गर्नेको संख्यामा निकै कमी आएको यस क्षेत्रमा संलग्नहरु बताउँछन् । बैंकहरुले कर्जा माग्नेहरुको लामो लाइन हुँदा पनि कर्जा प्रवाह गर्न नसक्दा नयाँ व्यवसाय र रोजगारीको प्रवर्द्धन हुन सकेको छैन । समग्र रुपमा भन्नुपर्दा वर्तमान सरकारको आर्थिक नीति नै असफल सावित भएको अवस्था छ । राजनीतिक स्थिरतासँगै विकासले गति लिने र मुलुक समृद्ध बन्ने आम जनताको सपनामा चिसो पानी फ्याँक्ने सरकारको आर्थिक नीतिको गम्भीर समीक्षा गरेर यसमा तत्काल नयाँ कदम नउठाउने हो भने मुलुक ठूलो आर्थिक मन्दीको बाटोतर्फ जाने निश्चित छ । 'मर्निङ शोज द डे' भनेजस्तो सरकारको खराब बिहानीले राम्रो दिनको संकेत गर्न सकेको छैन ।

यसैबीच चुलिएको व्यापारघाटा कम गर्न सरकारले केही नयाँ कदम चाल्ने भएको छ । अर्थमन्त्रालयले व्यापारघाटा कम गर्न गठन गरेको कार्यदलले मल्टि मोडल कम्पनी खडा गर्न सुझावसहितको प्रतिवेदन दिएको छ । उक्त कम्पनीले वस्तु आयात हुँदा लाग्ने ढुवानी खर्च, बिमा र अन्य लागतको मूल्यांकन गरी त्यसको व्यवस्थापन गर्नेछ । त्यसैगरी बढ्दो सोधानान्तर घाटा र विदेशी विनिमय सञ्चिति कमजोर भएपछि सरकारले आयातमा कडाइ गर्न सुझाव दिएको छ । बाँकी ८ पेजमा

## क.शम्भुरामको १३ औं स्मृति दिवस सम्पन्न

काठमाडौं । नेपाली कम्युनिस्ट आन्दोलनका अग्रज व्यक्तित्व क. शम्भुराम श्रेष्ठको १३ औं स्मृति दिवसको अवसरमा नेकपा मालेको पार्टी कार्यालयमा एक समारोहको आयोजना गरी श्रेष्ठको योगदानको स्मरण गरिएको थियो । नेकपा मालेका नेता कार्यकर्ता क.शम्भुरामका परिवारका सदस्यहरु तथा कम्युनिस्ट लिगका पुराना सदस्य र अन्य शुभेच्छुकहरुको उपस्थितिमा गत माघ १९ गते सम्पन्न भएको कार्यक्रममा प्रमुख अतिथिको रुपमा माले महासचिव सीपी मैनालीले क.शम्भुरामप्रति श्रद्धाञ्जली व्यक्त गर्दै नेपाली कम्युनिस्ट आन्दोलनमा उहाँले पु-याउनुभएको योगानको चर्चा गर्नुभएको थियो ।




महासचिव मैनालीले 'पार्टीको पहिलो पिँढीको नेतालाई सम्मान गर्न चाहन्छु' भन्दै नेकपाको स्थापनाको ऐतिहासिक परिवेशदेखि समसामयिक राजनीतिसम्मको समीक्षा प्रस्तुत गर्नुभएको थियो । शम्भुरामले ८४ वर्षको उमेरसम्म कम्युनिस्ट भएर सोच्नुभयो । विशिष्ट कुरालाई चिनेर अंकित गरेर जानुभयो र सधैंभरि नेपाली जनताले आफैं मौलिक ढंगको क्रान्ति गर्नुपर्छ र क्रान्तिलाई विदेशबाट आयात गर्नु हुँदैन भन्नेमा अडिग रहनुभयो । यही विशेषताले गर्दा शम्भुराम अरुभन्दा फरक हुनुभयो-महासचिव मैनालीको भनाइ थियो । शम्भुराम सधैंभरि भारतीय विस्तारवादको कुटिल चालबाजी बुझेर अगाडि जानुपर्छ भन्ने मान्यता राख्नुहुन्थ्यो भन्दै महासचिव मैनालीले उहाँका विचारहरु पुस्तकमा समेत लिपिबद्ध भएकाले ती विचारहरु वर्तमान पुस्ताका कम्युनिस्टहरुका लागि पनि उपयोगी र मार्गदर्शक बन्न सक्छन् भन्नुभयो । महासचिव मैनालीले शम्भुरामको विचार र नेकपा मालेले लिएको सिद्धान्त विचार मिलेकै कारण उहाँ पछिल्लो चरण मालेको सल्लाहकारको भूमिकामा रहनुभएको स्मरण गर्दै बाँकी ८ पेजमा

## सहिद शब्दकै अवमूल्यन

काठमाडौं । 'हुँदैन बिहान मिर्मिरेमा तारा झरेर नगए, बन्दैन देश दुई चार सपुत मरेर नगए' कवि भूपि शेरचन आज बाँचेका भए सहिदबारे कस्तो कविता लेख्थे कुन्नि ? अनुमान गर्न सकिँदैन । शासकीय निरंकुशताका विरुद्ध देश र जनताको हितार्थ प्राणबाजी लगाउनेहरुलाई सहिद मानिन्छ । निरंकुश राणा शासनविरुद्ध गंगालाल, धर्मभक्त, शुक्रराज शास्त्री र दशरथ चन्दले आन्दोलनको शंखनाद गरे । उनीहरुलाई राणा शासकहरुले कायरतापूर्वक हत्या गरे । दिल्ली सम्झौता धोका हो भन्दै भीमदत्त पन्त आन्दोलित भए । उनलाई भारतीय सेना नेपाल ल्याएर हत्या गर्न लगाइयो । फाशिष्ट पञ्चायती कुशासन विरुद्ध कांग्रेसका राम लक्ष्मणले आवाज उठाए । उनीहरु मारिए । २०२९ सालमा पञ्चायती शासन र त्यसको नाइके राजा विरुद्ध झापाली युवाहरुले संघर्ष गरे । नेत्र घिमिरे, वीरेन राजवंशी, नारायण श्रेष्ठ, कृष्ण कुइँकेल, रामनाथ दाहाल सुखानीको जंगलमा गोलीका सिकार भए । सहिदहरुको रगत खेर गएन । पञ्चायती व्यवस्था ढल्यो । अन्ततः राजसंस्था समेत इतिहास बन्यो ।

नेपालीहरुको जनसंख्या लगभग तीन करोड छ । तर सहिदहरुको संख्या भने १२ हजार पुगेको छ । माओवादी द्वन्द्वकालमा मर्नेहरु, मधेस आन्दोलनमा मर्नेहरुलाई सरकारले सहिद घोषणा गर्न थाल्यो । ०६२।६३ को राजनीतिक परिवर्तनपछि बनेका हरेक सरकारले विभिन्न आन्दोलनका नाममा ज्यान गुमाएकालाई सहिद घोषणा गर्दै जाँदा सहिदहरुको सूचीको ठेली नै तयार भएको छ । हचुवाका भरमा सरकारले सहिद घोषणा गरेकोमा जनस्तरबाट आपत्ति प्रकट भइरहे पनि सरकारले फेरि सहिद बाँकी ८ पेजमा

## अमेरिका हान्ने चिनियाा मिसाइल

काठमाडौं । चीनले विज्ञान र प्रविधिमा दिन प्रतिदिन छलाङ मारिरहेको छ । विश्व महाशक्तिको दौडमा अघि बढिरहेको चीन पृथ्वीमा मात्र होइन, अन्तरिक्षमा पनि अमेरिकालाई चुनौती दिइरहेको छ । पछिल्लो पटक चीनले अमेरिकी क्षेत्रमा मार हान्न सक्ने अन्तर महाद्विपीय ब्यालेस्टिक मिसाइल लञ्च गरेको फुटेज सार्वजनिक गरेको छ । यो मिसाइललाई गुवाम किलको नाम दिइएको एमएसएनले जनाएको छ ।

डोङफेङ २६ अर्थात् डीएफ २६ ब्लास्टिक मिसाइलको रेन्ज १ हजार ८६४ देखि ३ हजार ५६७ माइल भएको साउथ चाइना मर्निङ पोस्टलाई उद्धृत गर्दै एमएसएनले जनाएको छ । यसको अर्थ प्रशान्त महासागरमा रहेको गुवाम टापुमा मुख्य भूमि चीनबाट आक्रमण गर्न सकिन्छ । हालैको सिसिटिभी फुटेजले मिसाइलको बाँकी ८ पेजमा

## मालेले मनायो नेता जोङको जन्मदिवस

काठमाडौं । गत सोमबार २१ माघका दिन नेकपा मालेले आफ्नो केन्द्रीय कार्यालयमा कोरियाली दिवंगत नेता किम जोङ इलको ७७ औं जन( मदिवस मनायो । पार्टी महासचिव सीपी मैनालीको अध्यक्षतामा आयोजना भएको उक्त कार्यक्रममा भर्खरै नियुक्त हुनुभएका नेपालका लागि उत्तर कारियाली राजदुत प्रमुख अतिथि हुनुहुन्थ्यो ।

कार्यक्रममा नेकपा (नेकपा) का सांसद सुनिल मानन्धर तथा नेपाल पत्रकार संघका सभापति डा. मञ्जुरत्न शाक्यको पनि उपस्थिति रहेको थियो । सभालाई संवोधन गर्दै नेपाल कोरिया मैत्री संघका अध्यक्ष समेत रहनुभएका माले महासचिव सीपी मैनालीले कोरियन क्रान्तिका नायक तथा सोन्गुन नीतिका प्रतिपादक स्वर्गीय कमरेड किम जोङ इलको व्यक्तित्वबारे चर्चा गर्दै उत्तर कोरियालाई विश्व आणविक शक्तिमा रुपान्तरण गर्न कमरेड जोङको ठूलो योगदान भएकै कारण आफूलाई



महाशक्ति ठान्ने अमेरिका समेत कोरियासँग वार्ताको टेबलमा आउनु परेको बताउनु भयो ।

कार्यक्रममा प्रमुख अतिथि नेपालका लागि कोरियाका नवनियुक्त राजदुतले नेपाल कोरियाबीच घनिष्ट सम्बन्ध विकसित हुँदै बाँकी ८ पेजमा

समय-सन्दर्भ

## भारतसँगको खुला सिमाना कहिलेसम्म व्यवस्थापन गर्ने ?

पूर्ण ओली

नेपाल दुई ठूला शक्तिशाली राष्ट्र भारत र चीनबाट घेरिएको सानो राष्ट्र हो । यो ऐतिहासिक कालदेखि स्वतन्त्र सार्वभौम रहँदै आएको छ । उत्तरतिर रहेको चीनसँगको सिमाना विशाल हिमशिखरबाट छुट्टिएकोले प्राकृतिक बारले हाम्रो सीमा समस्या नरहेको र केही नियन्त्रित नाकाहरूबाट मानिसहरू आवतजावत गर्ने भएकोले कमसेकम सुरक्षा टोली र Custom बाट नियन्त्रण गर्न सकिएको छ ।

देशको पूर्व, पश्चिममा पहाडी इलाका भएकाले त्यसलाई पनि नियन्त्रित रूपमा राख्न सकिन्छ तर दक्षिणतिरको तराईको समथर भागलाई भारतको विभिन्न राज्यहरूद्वारा घेरिएको र सिमाना खुला भएकोले मानिसहरूको अनियन्त्रित रूपमा आवतजावत हुने गरेको सर्वविदितै छ । यसबाट सिमित रूपमा फाइदा भए तापनि यसका असंख्य र असीमित तथा डरलाग्दा बेफाइदाहरू छन् ।

खुला सिमानाका कारण अनियन्त्रित रूपमा आउने भारतीयदेखि, तस्कर, चोर, डाँका, सुरक्षा निकायसम्मका कारणले खासगरी हाम्रो दक्षिणी सिमाना नै मेटिने त होइन भन्ने शंका बारम्बार हुने गर्दछ । कतिपय ठाउँहरूमा कहाँदेखि दुई देशको सिमाना छुट्टिन्छ भन्ने पनि थाहा हुँदैन । भारतीय सीमा सुरक्षा टोलीहरूको नेपालको राजधानीसम्मको हतियारसहित आवतजावत भइरहँदा पनि हाम्रो सुरक्षा निकायको अकर्मण्यता, निष्क्रियताले रोक्न सकेन । यसले राष्ट्रको सुरक्षालाई प्रत्यक्ष अप्रत्यक्ष ठूलो बाधा पु-याइरहेको छ ।

खुला सिमानाको सबभन्दा ठूलो मार स्थानीय जनताले खेप्दै आएका छन् । मुख्य गरेर सीमापारिबाट आउने हत्यारा, लुटेरा, अपहरणकारी, डाँका तथा गाईगोरु चोरहरूको लागि त खुला सिमाना स्वर्ग नै भएको छ । पहिला पहिला सीमित रूपमा देखिएका डाँका, हत्यारा, अपहरणकारी प्रत्येक वर्ष बढिरहेका छन् । अहिले नयाँ नयाँ रूपमा हतियारधारीहरू देशभित्र छिरेर बितण्डा मच्चाउने गरेका समाचारहरू आइरहेका छन् । तराईका सीमा जोडिएका गाउँ, सहरका सर्वसाधारणको जीवन अझै त्रसित नै छ । भारतीय एसएसबीले सीमाक्षेत्रका नेपालीलाई बेलामौकामा गोली हानेका घटना समेत ताजै छन् ।

केही वर्ष अघि तराईमा चलेको आन्दोलनको समयमा भएको गौर हत्याकाण्डको मुख्य कारक तत्व खुला सिमाना नै हो । यसमा भारतीय गाडीहरू र डाँकाहरूको प्रसस्त प्रयोग भएको सुनिन्छ । यसतर्फ हाम्रो प्रहरी, प्रशासन नाकाम मात्रै होइन, यसलाई रोक्ने काममा असफल नै भएको छ । जनताको आक्रोश कम हुनासाथ आम्दानीको प्रमुख स्रोत व्यापारीसँगको साँठगाँठमा गरिने अवैध व्यापारमा क्रियाशील हुन्छन् । उनीहरूलाई सर्वसाधारणको सुरक्षाभन्दा आफ्नो जागिरको अवधिभर तराई क्षेत्रमा पोस्टिङ भएको अवसरलाई पैसा कमाउन घुँडा धसेर लागेको देखिन्छ । यस कार्यमा गृह प्रशासन संलग्नता नभईकन सम्भव हुँदैन । उनीहरूलाई मिडियाले लगाउने आरोपको कुनै मतलब राखेको देखिँदैन । खुला सिमानाबाट हुने महिला बेचबिखनका गतिविधि रोक्न पनि सरकारी पक्षबाट कुनै कडा पहल हुन सकेको छैन ।

भारतले आफ्नो सीमाभित्र बंगलादेशीको प्रवेश रोक्न भारत-बंगालादेशबीचको सिमानामा काँडेतार लगाएको बुझिन्छ । यसबाट भारतमा आउने आप्रवासी बगलादेशी र अवैधरूपमा आउने बंगलादेशमा निर्मित सामानको आयत रोक्न सकिने भारतीय अभिप्राय हो । बंगलादेश अत्यधिक जनघनत्व भएको देश हो ।

यहाँबाट लाखौं बेरोजगार बंगालादेशीहरू भारतलगायत अरबका विभिन्न देशहरूमा कामको खोजीमा जाने गर्छन् । त्यस्तै गरेर भारतले पाकिस्तानसँगको सिमानामा काँडेदार तारलगायत बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# भ्रष्टाचार नियन्त्रण गर

मुलुकमा व्याप्त भ्रष्टाचार नियन्त्रण गर्न सरकार असफल भएको छ । प्रधानमन्त्री केपी शर्मा ओली भाषणमा भ्रष्टाचारमा शून्य सहनशीलताको नीति सरकारले अवलम्बन गरेको भनेर बारम्बार भन्दै आएका छन् । प्रधानमन्त्रीको भनाइ विपरीत मुलुकमा भ्रष्टाचारको पारो भने झन् झन् बढ्दै गएको छ । भ्रष्टाचार र सुशासनको विश्वव्यापी रूपमा अनुगमन गर्ने निकायका रूपमा रहेको अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलको यस वर्षका सूचकांकमा नेपाल भ्रष्टाचार कम हुने मुलुकको १२४ औं स्थानमा परेको छ । गत वर्ष १२२ औं मा रहेको नेपालको अवस्था सुधार हुनुको सट्टा झन् खस्किएर १२४ औंमा पुग्नुले भ्रष्टाचारको मात्रा झन् बढेको स्पष्ट हुन्छ । नेपालले सुशासन मापन गर्ने अंकमा जम्मा ३१ मात्र प्राप्त गरेर असफल भएको छ ।

हाम्रो देश विगतदेखि नै भ्रष्टाचारीहरूको क्रीडाभूमि बन्दै आएको छ । राजनीतिक तहमा व्याप्त रहेको भ्रष्टाचारको रोग सबैतिर सरेको छ । राजनीति गरेर सरकारमा गएका व्यक्तिहरू हुन् या राजनीतिको आडमा अकुत सम्पत्ति कमाउने हुन्, यिनीहरूको विगत र वर्तमान नियाल्ने जनताले रातारात फेरिएको स्वरूप स्पष्ट रूपमा देख्दै आएका छन् । जनताले को को भ्रष्ट हुन् भन्ने नांगो आँखाले देखिरहँदा पनि अख्तियार तथा अदालत जस्ता निकायले फलामको चस्मा लगाएर हो कि भष्टको पहिचान गर्न सकिरहेका छैनन् । अख्तियारले दशी प्रमाणसहित केही भ्रष्टहरूलाई अदालतमा पुऱ्याउने गरे तापनि अदालतले कि त उनीहरूलाई सुनपानी छर्किएर चोख्याइदिने कि त मुद्दा तामेलीमा राखेर वर्षौंसम्म फैसला नगरी भ्रष्टहरूलाई स्वतन्त्र रूपमा चलखेल गर्न छोडिदिने गरेको छ । दण्ड दिने अधिकारीहरू नै लोभ लालच र दबाबमा फसेपछि मुलुकमा छाडातन्त्र व्याप्त हुने नै भयो ।

राजनीतिक तहमा भ्रष्टाचार भएपछि कर्मचारी प्रशासन अत्यन्तै भ्रष्ट भएर गएको छ । जनताको सानोतिनो काम गर्दा समेत घूस खाने र ठूला ठूला ठेक्कापट्टामा करोडौं भ्रष्टाचार गरेर आयोजनाको लागत दोब्बर बढाउने जस्ता क्रियाकलाप यत्रतत्र सर्वत्र देख्न पाइन्छन् ।

भ्रष्टाचारको जरो बलियो भएकै कारण आयोजनाहरूमा हुने ढिलासुस्ती, लापर्बाही बढिरहेको छ । जसले गर्दा विकासको गति कछुवा शैलीमा अघि बढेर अर्थतन्त्र नै चौपट हुने गरेको छ । भ्रष्टाचारकै कारण मुलुकमा विदेशी लगानी ल्याउन समेत लगानीकर्ताहरू डराउने गरेका छन् । मुलुकको सुशासनको छवि राम्रो नभएपछि त्यसले अन्तर्राष्ट्रिय क्षेत्रमा नराम्रो प्रभाव पारिरहेको छ । मेलम्ची जस्ता राष्ट्रिय गौरवका आयोजना पच्चीस वर्षसम्ममा पनि सम्पन्न नहुनुको पछाडि पनि भ्रष्टाचारको हात भएकोमा कुनै शंका छैन । वाइडबडी विमान खरिद काण्डको अर्बौं भ्रष्टाचार होस अथवा एक मात्र अन्तर्राष्ट्रिय एयरपोर्टबाट सुरक्षा निकायका हाकिमकै गाडीमा बोकेर खुलम खुला सुन तस्करी गरेको भ्रष्टाचार काण्ड होस्, यी सबै प्रकरणलाई जनताले रमिते बनेर हेरिरहेका छन् । सुन काण्डका अभियुक्त छुटाउने न्यायाधीशहरूलाई कस्तो कारबाही हुन्छ अथवा न्याया परिषद्मा हाजिर गराएर तलब भत्ता खुवाएर राखिन्छ त्यो पनि जनता नियालिरहेका छन् । त्यसैगरी वाइडबडीको भागबन्डामा सत्तापक्ष र प्रतिपक्ष सबैको मिलेमतो भएका कारण दुवैतर्फको आवाज मलिन हुँदै गएको समेत जनताले महसुस गरिरहेका छन् ।

अहिले स्थानीय तहहरू सबैभन्दा ठूला भ्रष्टाचारका अखडा बनिरहेका समाचार दिनहुँ आउने गरेका छन् । तलदेखि माथिसम्म जनप्रतिनिधि र कर्मचारीले मिलेर देश र जनता लुट्ने श्रृंखलाले निरन्तरता पाएमा मुलुक थप कंगाल बन्दै जाने र जनता विद्रोहमा उत्रन सक्ने कुरालाई कसैले नकार्न सक्दैन । त्यसैले भ्रष्टाचार नियन्त्रण गर्नेतर्फ सरकार गम्भीरतापूर्वक लाग्न जरूरी छ ।

# यो Comintern को जमाना होइन Cominform को हो

**सुरेन्द्र ढकाल**






जुन बेला विश्व पुँजीवाद र समाजवाद गरी दुई ध्रुवमा विभाजित थियो त्यही बेलामा कम्युनिस्ट राष्ट्रहरु विश्वका वामपन्थी एक हौं भन्ने नारासहित उनीहरु कोमिर्न्टनमा आवद्ध थिए । यो अभियान सन १९१९ बाट शुरु भई १९४३ सम्म कायम थियो । विश्वभरिबाटै बुर्जुवाहरुको शासन प्रणालीलाई सशस्त्र विद्रोह र क्रान्तिद्वारा विस्थापित गर्नुपर्छ भन्ने नाराबाट शुरु भएको यो विश्व वामपन्थी अभियानले १९३५ सम्म आउँदा सातवटा सम्मेलन मस्कोमा नै गर्न भ्याएको थियो ।

रसियन कम्युनिस्ट पार्टी वोलसेभिकको अगुवाइमा भएको यो कोमिर्न्टनमा जर्मनी, अष्ट्रिया, हंगेरी, फिनलैण्ड, पोलैण्ड, एस्टोनिया, लाटभिया, लिथुआनिया, वेलरुस, युक्रेन, चेकोस्लोभाकिया, बुल्गेरिया,रोमानिया, सर्विया, नर्वे, डेनमार्क, नेदरलैण्ड, बेल्जियम, फ्रान्स, स्वीटरजरलैण्ड, इटली, स्पेन, पोर्चुगल, बेलायत, आयरलैण्ड, अमेरिका, जापान, फिलिपिन्सका कम्युनिस्ट, सोसलिष्ट र लेवर दलहरुले भाग लिएका थिए । सुरुमा चीन यसको सदस्य भए तापनि सोभियत संघसँगको वैमनस्यताका कारण चीनले कोमिन्टर्न छोडेको थियो । त्यसैगरी वामपन्थी देश भनिनेहरुबीच नै शत्रुता बढेपछि यसको अवसान शुरु भएको थियो । विचारधारा ठूलो कि राष्ट्रिय स्वार्थ ठूलो भन्ने कुरामा वामपन्थी राष्ट्रहरुबीच नै मतभेद भएको कारण कोमिर्न्टन जीवित रहन सकेन । अर्कोतर्फ कोमिर्न्टन क्रान्तिकारी समाजवाद र सुधारवादी समाजवाद गरी दुई खेमामा विभाजित मात्रै नभै यिनीहरु एकअर्काका जानी दुस्मन हुन पुगे । रुसको सामाजिक साम्राज्यवादलाई एसियामा चुनौति दिनकै लागि अध्यक्ष माओले अमेरिकी राष्ट्रपति निक्सनलाई चीन बोलाइ हात मिलाउन परेको दिन पनि देखियो । सीमाको कुरालाई लिएर सोभियत संघ र चीनबीच दुश्मनी, कम्बोडियाको कुरालाई लिएर भियतनाम र चीनको दुश्मनी कोमिर्न्टनको अवसानका मुख्य कारण बन्न पुगेको थियो । कालान्तरमा सोभियत संघ र पूर्वी युरोपको समाजवाद पतन हुनु अनि चीनको समाजवादी सुधारवादको विकासले अमेरिकालाई उछिन्ने अवस्था आउनुले पनि कोमिर्न्टनलाई जीवित राख्नुपर्ने आवश्यकता कसैलाई पनि भएन र यो सुषुप्त हुन पुग्यो ।

सुधारवादी समाजवाद अंगाल्न पुगेको चीनले देंगको नेतृत्वमा गरेको आर्थिक विकासले अहिले विश्व चकित भएको छ । अमेरिका त्रसित भएको छ । हरेक देशले आफ्नो राष्ट्रिय परिस्थितिअनुसार मार्क्सवादलाई आफ्नो देशमा लागू गर्नपर्दछ भन्ने सन्देश चीनले दिन थालेको छ । हरेक वर्ष विश्वका विभिन्न देशका वामपन्थी नेताहरुलाई चीन बोलाएर उसले Localization of Marxism को कक्षा दिन थालेको छ, आफ्नो अनुभव बताउन थालेको छ जसलाई उसले Cominform भनिरहेको छ ।

राष्ट्रिय स्वार्थको अगाडि विचारधारागत भाइचाराको अन्त्य भएको थाहा पाउँदा पाउँदै भेनेजुयलाको कुरालाई लिएर वक्तब्यवाजी गर्ने प्रचण्ड कस्तो भुलक्कड होलान ? जबकी चीनले त्यस्तो कुनै प्रतिक्रिया दिएको छैन । कुनै अर्को देशको आन्तरिक मामलामा हस्तक्षेप गर्ने अधिकार कसैलाई पनि हुँदैन भन्ने आधारमा भेनेजुयलाको विषयमा बोल्नुपर्नेमा अन्यथा बोलेको कारण अमेरिका रिसाउला र हेग अदालतको कठघरामा उभिन पर्ला भनेर प्रचण्ड त्राही छन, अनि भन्दैछन् मलाई फसाइयो भनेर । यो Comintern को जमाना होइन Cominform को हो भनेर बुझ्ने ल्याकत नभएको मानिसले डाडुमा पानी तताएर मरे भएन र ?

# स्वदेश ठूलो कि अरू ठूलो ?



**जगदीश लामिछाने**
रौतहट, पौराई

वर्तमान प्राप्त समय ठीकसँग उपयोग गरिएन भने व्यक्तिको त भविष्य ठीक हुँदैन, एउटा राष्ट्रमा मान्छेहरु विविध चराचरयुक्त नै हुन्छन् । यसैले भाग्यमानी देश स्वतन्त्र तथा विवेकशील हुनैपर्छ । हाम्रो देशले पनि सन्तुलित अर्थात् असंलग्न परराष्ट्र नीति र आफ्नो चिरस्थायित्वको ख्याल गर्नैपर्छ । यस्तो गरिएन भने विदेशबाट घर आउने बित्तिकै स्वदेशका प्रधानमन्त्री दामोदर पाण्डेलाई भद्रकालीमा मारेर १० वर्ष प्रधानमन्त्रीत्व चलाइसकेका भीमसेन थापाले १८१४-१६ को छिमेकी अंग्रेजसँग युद्ध होला भनी किन होस् गरेनन् ? भन्नै पऱ्यो । त्यो घाउ अझै पुरिएको छैन । त्यही ठाउँमा बस्ने अर्को सत्ताले दुःख दिइरहेछ । त्यसपछि २०५२-६२ को माओवादी द्वन्द्वलाई तराई समेतका दलहरु दिल्ली गएर द्वन्द्वकर्ता ल्याई समाधान गर्नुपऱ्यो भन्ने वर्तमान सत्ताले बुझ्नैपर्छ । आफ्नो समस्या आफैं समाधान गर्नैपर्छ । भोलि नेपाल फेरि अस्थिर भइहाल्यो भने शरणार्थी त नेता जनता दुवै हुनुपर्ला हैन र ?

राजनीतिमा सदैव चुनौती तथा कर्तव्य हाजिरै रहेका हुन्छन् । वर्तमान सत्ताले तलका दुई कुरामा ध्यानपूर्वक काम गर्नैपर्छ भनी यो देशको मूल आवश्यकता असंलग्न परराष्ट्र नीति र नागरिकतामा होस् पुऱ्याउनैपर्नेमा चुक्दै गए पनि सुधार गरौं भनी केही विचार प्रस्तुत छ ।

१. असंलग्न परराष्ट्र नीति : श्री ५ महेन्द्रले पूर्वपश्चिम राजमार्ग पथलैयाबाट पश्चिम अमेरिकाले बनाएको नारायणघाटसम्म त्यस्तै समावेशै गरे । रुस आदि अरु देशबाट पनि राजमार्ग बने । महेन्द्रको पालाको प्रख्यात असंलग्न नीतिमा २०१७ पछि भारत अमेरिका, रुस, चीन, कसैले खोट लगाएकै छैन । हाम्रै समय समयका सरकारहरु अहिले बरु चुक्दै गए भन्नै परेको छ । नत्र अहिले प्रचण्ड वक्तव्यपछि भेनेजुयला समस्या नेपालमा देखिनै हुने थिएन । अहिले उत्तर दक्षिण समान व्यवहार त ठीक हो । त्यसैमा एउटै हाँगामा आश्रित जस्तो यो सरकार हुनै हुँदैन । उसैबेला कोदारी राजमार्ग समेत बनाउँदा केही नबुझ्नेले कुरा काटे पनि यो देशको स्थायित्व असंलग्नताले गरेको हो । त्यसमा चीनले पनि नराम्रो मानेन । श्री ५ महेन्द्रले २० पटक चीन भ्रमण गरेको बिर्सनु हुँदैन । भारतैले २०१७ पौष १ लाई मान्यता दिएकै देखियो । नेता विश्वेश्वरले पनि जनमत संग्रह २०३६ लाई मान्यता दिए । यी सबै कुरा श्री ५ महेन्द्रको दूरदर्शितापूर्ण संसारभरी समर्थित असंलग्न परराष्ट्र नीतिकै परिणाम हो ।

श्री ५ महेन्द्रले १९५० को सन्धिको कारणले चीनपट्टि जस्तो भारतपट्टि सीमा बन्द गर्न सकेनन् । त्यसबेला नेपाल विरोधी अनेक पहाड पन्छाउँदा पन्छाउँदै भारतीय फौज आफू मर्नुभन्दा एक वर्ष अगाडि हटाएरै मरे । अबको सरकारले गर्ने धेरै काम भारत नेपाल प्रबुद्ध समूहले संयुक्त निर्णय गरेर भारतीय प्रबुद्ध स्वर्गीय भुवनचन्द्र उप्रेतीको प्रस्तावमा प्रत्येक नेपाली वा भारतीयले अर्को देशमा जाँदा फोटो टाँसिएको परिचयपत्र चाहिने गरेको प्रचारमा आएको हो । त्यो लागू गर्ने मुख्य काम यो सरकार तथा भारत सरकार दुवैको हो । असंलग्न परराष्ट्र नीति त सदैव चाहिन्छ नै त्यसपछि मात्र १९५० का अरु प्रावधानको पालो आफैं अघि सर्दै आउनेछ । त्यसैमा पनि निम्न दफा २ होसपूर्वक सदैव ख्याल नगर्दा हामीले दुःख पाएका छौं, होस गर्नैपर्छ ।

२. नेपाली नागरिकता : नेपालकै नागरिकहरुसँग बराबर भारतले मात्र हैन, अरु चीन विरोधी विदेशीहरुले पनि आफ्ना आइएनजीओमार्फत खेली जातिगत समेतको फाइदामा स्वदेशको स्वत्व विपरीत विधर्म फैलाइ रहेछन् । नागरिकता विषयमा २०७५ माघ २१ गतेको दैनिक पत्रिकाको सिन्धुपाल्चोक अधिकृतको लेख हेर्दा ज्यादै हलुको र केही पाउन मात्र नागरिकता चाहिने जस्तो छ । सरकारले अधिकृतहरुलाई नै नागरिकता तालिम दिएकै देखिएन । बरु पूर्व अख्तियार प्रमुख नेपाल भारत प्रबुद्ध नेपाली सदस्य सूर्यनाथ उपाध्यायको भर्खरै यस्तै दैनिकमा प्रकाशित लेख मननीय छ । त्यो नमान्नु हाम्रै दोष हो । किनभने हाम्रै नेताका नीतिगत र कार्यगत त्रुटिले धेरै विदेशीले नेपाली नागरिकता लिएको चर्चा समाजमा चुलिएकै छ । नेपाली नागरिकता पाउनैपर्ने व्यक्तिले मागी लिने विषय हो । बाँडी हिंड्ने विषय नै होइन । सरकार आफैंले बराबर बाँडी हिंड्ने गरेको छ ।

अहिले हठवादी नारीवादीहरु आमाकै मात्र नामबाट नागरिकता मागी रहेछन् । नारी र पुरुष सम्मिलन नभई कुनै पनि व्यक्तिको जायजन्म हुँदैन । कथंकदाचित भयो भने विस्तृत विवरणसहित अस्थायी स्थायी जस्तो कानुनले मिल्छ दिइने नै छ । तराईका तथाकथित नेताहरुले विवाह हुनासाथ विदेशी महिलालाई नेपाली मान्नु भूल नै हो । ती सबैको बाबु र आमा नेपाली रहेछन् भने मात्र नेपाली स्थायी नागरिकता दिने हो ।

नारीहरुमा अर्को समस्या पनि छ । भर्खरै भारतबाट केही विदेश हिँडेका नेपाली महिला नेपालमा बुझाइयो । हाम्रै माइती नेपालले पनि यस्ता महिलाहरुको उद्धार गर्ने गरेको छ । यस्तैमा कमलरी नारीको पनि समस्या भई बच्चा जन्मला । ती आमाहरुलाई नै सरकारले प्रहरी आदिमा जागिर लगाई देला । बच्चाहरुको विषयमा पनि बाबु पत्ता नलागेसम्म अस्थायी नै दिनुपर्छ । यस्तो साधारण कुरामा पनि विदेशका भान्जाभान्जी ज्वाइँ ससुरा सासूको भीड देशलाई पार्ने गरी नागरिकता जस्तो गहन विषयमा हलुका कुरा गर्नेहरुलाई यो देशमा गैह्र नागरिक भर्ने मान्छे भन्ने कि नभन्ने ? पाठकहरु नै विज्ञ हुनुहुन्छ । वास्तवमा शंकास्पद जत्ति सबै अस्थायी वा अंगीकृत भनी तोकेरै राख्नुपर्छ ।

हाम्रै देशका छोरीचेलीलाई हामीले स्थायी नागरिकता दिइराखेका छौं । यस्ता चेली पाएसम्म विदेशीले दाइजो तिलक माग्दैनन् भन्ने व्यापक हल्ला यथार्थ नै हो । तिनीहरुबाट जन्मने बच्चाको बाबुको स्थायी वंशज नागरिकता नभएका त अस्थायी सन्तान हुने नै भए । ती चेली पनि विदेशीसँग विवाह हुनासाथ तुरुन्त नेपाली नागरिकता काटिने व्यवस्था अविलम्ब हुनुपर्छ । भएको देखिँदैन ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

**मनसुन**

# जोसेफ स्टालिन–२९

भनौं, बहुसङ्ख्यक चिनियाँ महिला, मजदुर, किसान र गाउँका परिश्रमी जनताको अवस्था राम्रो थियो, उनीहरूमा सामूहिक चिन्तन थियो ।

सांस्कृतिक क्रान्तिकालमा कृषिमा सामूहिकीकरण र देशमा औद्योगिकीकरण भएकाले आर्थिक क्षेत्रमा उन्नति र विकास भयो, तर चिनियाँ जनतामा आत्मिक शान्ति भएन ।

सर्वहारा अधिनायकत्वको नाममा सीमित शासनले जनतामा भय, त्रास र आतङ्क छाइरहेको थियो । विरोधीहरूमाथि निर्मम दमन र अतिशयोक्ति भइरहेको थियो । त्यही बेला तुलनात्मक रूपमा माओको नजिक मानिने चार जनाको समूह जन्मियो (ग्याङ अफ फोर) । माओको शेषपछि यदि यो समूहले चीनको सर्वोच्च सत्ता कब्जा गरेको भए उपरोक्त कुराहरूथप चर्किएर जान्थेर त्यसको पतन ध्रुवसत्य थियो । तसर्थ माओको लाइन पनि सही थिएन ।

हुकुमी शासन, सर्वहारा अधिनायकत्व, तानाशाही आदि शब्दहरू आफैमा क्रूरता र विध्वंसात्मक छन् । आज विश्वमा प्रतिक्रियावादी (सामन्तवादी,पुँजीवादी, नोकरशाही पुँजीपति वर्ग) शासकहरूले मुलुकमा सैन्यशक्तिको आडमा बहुसङ्ख्यक जनतामाथि शोषण र दमन गरिरहेछन् । तथापि उनीहरू आफ्नो राज्य शासनसत्तालाई हुकुमी शासनसत्ता, तानाशाही भनेर स्विकार्दैनन् ।बरू प्रजातान्त्रिक र समाजवादीको दाबी गर्छन् । तर सर्वहारावादी कम्युनिस्टहरू खुला र स्पष्ट घोषणा गर्छन्– आफ्नो शासनसत्ता सर्वहारा वर्गको हुकुम, सर्वहारावर्गको अधिनायकत्व र सर्वहारावर्गको तानाशाही हो ।'आमजनता समाजमा सत्य, शान्ति र समानता चाहन्छन्; कुनै पनि वर्गको घोषित, अघोषित तानाशाही, अधिनायकत्व, हुकुमी शासन उनीहरू तिरस्कार वा घृणा गर्छन् ।ढिलोछिटो बेग्लै कुरा, हरेक तानाशाही एक न एक दिन पतन हुन्छन् । तर आजसम्मको सिङ्गो इतिहासमा यो अत्यन्तै दुःखको कुरा छ– मानवसमाजमा एक तानाशाह जान्छ,अर्कोतानाशाह जन्मन्छ, जनताको रगत सधैं बगिरहेकै हुन्छ ।

(क्रमशः)


# मैले देखेको बयासिऔं विश्व सम्पदाः
# ट्रिअरको पोर्टा निग्रा

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा पोर्टा निग्रा यस्तो देखिन्छ


पोर्टा निग्राका दुई चारतले टावरहरू


पोर्टा निग्रा अवलोकन गर्न आउने पर्यटकहरू



पोर्टा निग्राको भित्री भाग


पोर्टा निग्राका दुई ढोकाहरू



पोर्टा निग्राको त्यतिखेर किनेको पोस्टकार्ड


पोर्टा निग्राको छतबाट देखिने ट्रिअर सहर


पोर्टा निग्राको छत

माइन्चजको क्याथेड्रल र गुटेनवर्ग म्युजियम अवलोकन गरी स्पायर फर्केपछि हाम्रो पढाइले निरन्तरता पाएकै थियो । हामी विदेशी विद्यार्थी बसेको होस्टलमा यदाकदा जर्मनीको अन्य प्रदेशबाट आएका जर्मन विद्यार्थीहरु पनि हामीसँगै बस्थे । तिनीहरुमध्ये एक जर्मनीको वोपार्ड भन्ने शहरको गेरहार्ड भन्ने जर्मन मित्रसँग मेरो घनिष्ठता बढेको थियो ।

वोपार्ड स्पायरबाट १४८ किलोमिटर उत्तरमा पर्ने कारण गेरहार्ड सोमबार बिहान कलेज आउने अनि शुक्रबारसम्म होस्टलमा बस्ने अनि शुक्रबार बेलुका आफ्नै कारमा सप्ताह अन्तको लागि वोपार्ड जाने गर्थ्यो । त्यस्तै एक शुक्रबार उसले मलाई आफ्नो घर लैजाने प्रस्ताव गऱ्यो । मलाई ढुंगा खोज्दा देउता मिले जस्तो भयो । मैले उसको प्रस्तावलाई तुरन्तै स्वीकारेँ र सन १९८९ को अगस्ट महिनाको अन्तिम शुक्रबारको बेलुका हामी दुई लाग्यौं वोपार्डतिर ।

बेलुका ४ बजेतिर हामी स्पाएरबाट त्यता लागेका थियौं । ६:३० बजे बेलुकी हामी उसको घरमा पुग्यौं । उसका बुबाआमासँग परिचय भएपछि बेलुकी खाना खाई सामान्य गफसफपछि उसले मलाई म सुत्ने कोठा देखाइदियो र म सुत्न आफ्नो कोठातर्फ लागेँ । भोलिपल्ट बिहान ७:३० बजे उसले मेरो ढोका ढकढकाई उठायो र हामी चारैजना ब्रेक फास्ट टेबलमा जम्मा भयौं । त्यही क्रममा उसले त्यो दिन ट्रिअर जाने र त्यहाँको ऐतिहासिक महत्वको स्थानहरु अवलोकन गर्ने जानकारी दियो । ट्रिअर वोपार्डको पश्चिम दक्षिण १४३ किलोमिटरको दूरीमा थियो । हामी बिहानको १० बज्दा उसकै कारमा ट्रिअर पुगिसकेका थियौं । कारलाई पार्किङमा छाडेर हामीले त्यहाँको प्रख्यात पोर्टा निग्रा (कालो ढोका) अवलोकन गऱ्यौं ।

**पोर्टा निग्रा**

लेटिन भाषामा पोर्टा भनेको ढोका र निग्रा भनेको कालो भन्ने बुझिन्छ । त्यसअनुसार पोर्टा निग्राको शब्दार्थ कालो ढोका हो । यो ढोका आल्प्स हिमालको उत्तरतर्फ रहेका देशहरुमा भएका रोमन शैली सबैभन्दा ठूलो रोमान स्मारक ढोका भएको कारण यो युनेस्कोको विश्व सम्पदा सूचीमा परेको रहेछ । यस ढोकाको सन १७० मा निर्माण गर्दा खैरो रंगको ढुंगाबाट बनेको भए तापनि ढुंगाको रंग कालान्तरमा क्रमशः कालो हुँदै गएको कारण यसलाई पोर्टा निग्रा भन्न थालिएको रहेछ । बन्दाको अवस्थामा यस ढोकामा चारतले दुईवटा धरहरा जस्तो टावर पनि निर्माण गरिएको रहेछ जसलाई एउटा साँघुरो चोकले छुट्याएको रहेछ । दुई टावरको बीचमा ढोका बनाउन प्रारम्भ गरिए तापनि शताब्दियौंसम्म त्यसले पूर्णता पाउन सकेको रहेनछ ।

जुन बेला यसले पूर्णता पायो, त्यस बेलादेखि नै यो ढोका ट्रिअर सहर छिर्ने मुख्य प्रवेशद्वार भएको रहेछ । पछि ट्रिअर शहरको चारै दिशामा यस्ता ढोका बनाइएको भए तापनि जुन महत्व पोर्टा निग्राले पायो पछि बनेका अन्य तीन दिशाका ढोकाहरुलाई त्यति महत्व दिइँदो रहेनछ । रोमनकालमा ट्रिअर शहरको उत्तरी भागलाई यस द्वारले सुरक्षा दिएको रहेछ । पछि बनेका ३ ढोकाहरु कालान्तरमा भत्किएर गएको कारण सबैभन्दा पुरानो ढोका पोर्टा निग्रा भने वर्तमानमा समेत संरक्षित अवस्थामा रहेछ । सन १०२८ पछि यस ढोकाको तेस्रो तलामा ग्रिक क्रिश्चियन पादरीहरु आएर बसेको कारण दोस्रो तलामा चर्च पनि संचालनमा आएको रहेछ भने पहिलो तला सर्वसाधारणको अवलोकन लागि खुला गरिएको रहेछ । भुइँतलामा रहेको ठूलो द्वार धेरै शताब्दिसम्म ताल्चा लगाई बन्द गरेको कारण द्वारको दायाँबायाँमा रहेका भऱ्यागबाट माथिल्ला तलमा जान सकिने बनाइएको रहेछ ।

पश्चिम टावरको एउटा झ्याललाई भत्काइ ढोका बनाई सर्वसाधारणलाई चर्चको प्रार्थना कक्षमा प्रवेश गर्न सहज बनाइएको रहेछ । सन १८०२ मा फ्रान्सका सम्राट नेपोलियनले यहाँबाट चर्चलाई हटाएको कारण पादरीहरुको वासस्थान (मोनास्टरी) यहाँबाट अन्यत्रै सारिएको रहेछ र पोर्टा निग्रालाई मध्यकालकै स्वरुपमा जिर्णोद्धार गरिएको रहेछ । जिर्णोद्धारपश्चात सम्राट नेपोलियन आफैं यस द्वारको निरीक्षण गर्न सन १८०४ मा आएका रहेछन् । शुरुमा आफ्नो विजयलगत्तै सम्राट नेपोलियनले यस द्वारलाई भत्काउन खोजेका रहेछन् । तर स्थानीय बासिन्दाहरुले यस द्वारको ऐतिहासिक र पुरातात्विक महत्व भएकोले भत्काउन दिएनछन् । नेपोलियनले भत्काउनुको सट्टा जनमतको कदर गर्दै यस द्वारलाई पुरानै रोमनशैलीमा जिर्णोद्धार गर्न लगाएको रे भन्दा रहेछन् ।

यस द्वारको पुरातात्विक महत्वलाई बुझेर द्वारबाट गाडीहरुलाई छिर्न दिइँदो रहेनछ । गाडीहरुको लागि द्वारकै दायाँबायाँबाट नयाँ सडकहरु खोलिएका रहेछन् । लक्जेमवर्ग र जर्मनीको सिमानामा रहेको यो जर्मन शहर ट्रिअरमा पर्यटकहरु यही द्वार अवलोकन गर्न भनेर ठूलो संख्यामा आउँदा रहेछन् । द्वारको छतको दलिन श्रीपेचजस्तो देखिनै शैलीमा बनाइएको र त्यहाँ भएका खुड्किलाहरु (प्यारापिट) सम्म पर्यटकहरुलाई गाइडको अगुवाइमा जान दिइँदो रहेछ ।

# सेतो फरिया कृति र बदलिंदो समाजिक मूल्य मान्यताहरू

- जी.के प्रसाई

साहित्यका धेरै विधामा कलम चलाउने राम्रो सर्जकमा दरिएकी बाबा बस्नेत एक अब्बल कार्यक्रम प्रस्तोता पनि हुन् । रेडियो नेपालमा आफ्नो सुरिलो आवाज र शालीन प्रस्तुति दिएर खारिएकी बाबा लोकगायिका बनेर आफ्ना भीर पाखामा रमाएको प्रसस्त देख्न पाईन्छ । सब्दहरूमा कलात्मक सौन्दर्य छरेर रंगमंचमा समेत जमिसकेकी बाबा समाज परिवर्तनका खातिर आफ्ना बुलन्द अभिव्यक्तिहरू मार्फत सुन्दर धुनहरू पस्किन माहिर छन् संघीय गणतान्त्रिक नेपालमा । बाबाको आफ्ना भोगाई संगसंगै समाजका बिभिन्न कालखण्डमा नारी प्रति लादिएका नियम र अगाडि बढ्दा बाटो छेक्ने कुरितीका दाह्रामष्टहरूले उनको कवि मन आहत बनाउंछ, सचेत मनकी बाबा यिनै नागबेली र चक्रव्यूहहरूलाई छिचोल्दै समाजकै उपेक्षित अनुहार र अन्त्यहीन पीडाका आकृतिहरूलाई एकत्रित पारेर समग्र समाज परिवर्तन गर्न उठेकी छन्, बस्ती बस्तीमा दियालो सल्काएकी छन् ।लेखकीय धर्म निभाउने क्रममा समाजका घटनाक्रमसंग साक्षात्कार भएर बाबाले महिलाले भोग्नु परेका अंध्यारा पाटाहरूलाई बिस्तृत विवरण दिएर उजागर गरेकी छन् ।महिला मुक्तिका खातिर मर्यादा र खोक्रो आडम्बरका नाममा महिलाकै अस्तित्वलाई कैद गरिरहेका जन्जीरहरू चुडाल्दै मुक्त आकाशको खोजीमा निक्लिन्छिन बाबा र विचरणको क्रममा उनलाई सुन्दर क्षितिज अनि स्निग्ध आकाशले चिहाईरह्को हुन्छ । निराशाका काला बादलभित्र रूमल्लिईरह्को विधवा मनमा झलमल भएर झुल्केका दिवाकर र लेखकीय सन्तुष्टीले एकैपल्ट आकाश छुंदै गर्दा यो कृति तयार हुन्छ, बाबाले यसको नाम राखिन सेतो फरिया! सदियौं कालदेखि विधवाको पहिरन सेतो फरिया र विधवाको विरही अवस्थाको शोषण गर्न अभ्यस्त कुरितीका जरासन्धहरूलाई चिर्दै एउटी सम्पन्न,मेहनती, ईमान्दार सुखीअनि समृध्द नारीको कल्पनाको खातिर खर्चेका यी काव्यिक हरफहरूले जो कसैको पनि मन छुन्छ। सती प्रथालाई समूल नष्ट गरेर अघि बढेको नेपाली समाज विधवा आईमाईको पीडा,दुख र अवान्छित मनोदशा र दर्दनाक परिवेशसंग अझै उदार हुन सकेको छैन् । कानुनले सबैलाई सन्तुलित र समान रूपमा हेरेको छ, सबै मानवीय संवेदनाहरूमा संविधान र कानुन उदारनै छन् नयां नेपालमा, तर सामाजका पुराना ढोंग र संस्कारहरूको जब्बर र हेपाहा प्रवृतिका अबशेषहरू अझैपनि करबीरे मसान, रांकेभूत बनेर तर्साईरहन्छन् विधवा महिलाहरूलाई । यस्ता प्रसंगहरूसंग परिचित बाबा जस्ता प्रखर वक्ता,सचेत




अनि अग्रगामी चिन्तनका महिलाहरूको हृदय झस्किनु र चेतना प्रदीप्त हुनु स्वभाविक पनि हो ।

नेपाली समाज मात्र होईन दक्षिण एशियाली क्षेत्रमै धर्म, संस्कार र परंपराका नाममा नारी पात्रमाथि अनेकौं नियम र परिधिका सीमाहरू कुनै घोषित र कुनै अघोषित रूपमा लादिएकै हुन्, थोपरिएकै हुन् ।समय र कालखण्डमा यी अवान्छित नियमहरू भत्किंदै छन् र भत्किने क्रममा छन् । नारीहरूमाथि लादिएका अनावश्यक सामाजिक बन्धनहरू मक्किंदै छन् र चुडिने क्रममा छन्!विधवा महिलाको दारूण, दुखद अवस्थामा दैवको श्राप र खटन भनेर उल्टो उनीहरूको कारूणिक भावनाको खिल्ली उडाउने समाजका जड मानिसकताहरू परिवर्तन भैरहेका छन् तर पूर्ण रूपमा परिवर्तन हुन सकेका छैनन ।यस्तै परिवर्तन हुन नसकेका भंगालाहरू माथिको तीव्र प्रहार र महिलाका स्वतन्त्र आवाजहरूको बिशिष्ट शक्तिलाई एकत्रित गर्न लागिपरेकी बाबाले यस सेतो फरिया खण्डकाव्यलाई विधवा महिलाको बिद्रोहको शालीन आवाजको रूपमा प्रस्तुत गरेकी छन् ।यस खण्डकाव्यमा उनले नारीका भोगाई, जिम्मेवारी, छोरा र छोरी बीचको विभेदहरू, छोरीले व्यहोर्नु पर्ने जिम्मेवारीहरू, छोरीको स्वतन्त्र अस्तित्व नहुनुको भावलाई उजागर गरेकी छन् ।माईती घरको ईज्जत जोगाउन होस् कि आफ्ना श्रीमान र छोरा, छोरीको स्याहारमा ईमान्दार भएर लाग्ने धरतीझै सहनशील एउटी ग्रामीण परिवेशकी नारीको भोगाईहरूका अनेकौं दृष्य,अदृष्य आवाजहरूको समष्टिगत रूपांकन गाभिएको छ यस खण्डकाव्यमा । अनेकौं बाधा र व्यावधान एवम श्रीमानको गैह्जिम्म्वारपूर्ण जीवनशैलीलाई पनि संहालेर पारिवारिक दायित्व निर्वाह गर्ने शान्त, निर्भिक र धैर्यवान नारीको चित्रण पढ्न पाईन्छ बाबा बस्नेतको यस काव्यमा । जीवनको अकल्पनीय दुर्घटना अथवा विधवा हुनुको पीडाले आहत एक संघर्षशील नारीको जीवनमा आईपरेको आपद र समाजले थोपरेका बेक्नै नसक्ने अजंगका ढाकर र त्यसले उत्पन्न मनोदशाबाट निस्सृत जीवन र जीवन प्रति जागेका सकरात्मक चिन्तन अनि समाज परिवर्तनमा विधवाले उठाएका बुलन्द आवाजहरूले सेतो फरिया खण्डकाव्यलाई थप शसक्त बनाएको छ। बाबा बस्नेतको भाषा, सरल, सहज र सलल बगेको छ। उनको काव्यचेतहरूमा ग्रामीण जीवनका लवजहरू लपक्कै टांसिएका छन् ।आफ्ना भीर, पाखा, पखेराको संगीतले उरालेर बाबाको करूण भावहरू सुनकोशी बगरमा गीत बनेर गुन्जिरहेका हुन्छन् ।नारी पात्रहरूले ईतिहासमा भोगेका ज्यादति, नारी दमनको बिद्रोहमा ईतिहासमा उर्लेका नारी स्वरहरूलाई संष्लेषण गर्दै उनले उत्तरआधुनिक विश्वमा नेपाली नारीको स्थान खोजिरहेकी छन् ।बाबा आफ्ना परंपरा, संस्कार रीतिथितिमा परिवर्तन गर्नु पर्छ भनेर कलम चलाउने नारी पात्र हुन् । ईतिहासका अनेकौं घटनाहरूको अध्ययन गरेकी उनले समाजका पण्डितहरूको संकीर्ण सोच र बिचार हरूमाथि तीब्र प्रहार गरेकी छन् । संसारमा नारी, पुरूष जन्मदा स्वतन्त्र र स्व अस्तित्व लिएर जन्मे पनि नारीमाथि थोपरिएको काईते नियमले कसरी फक्रंदै गरेको ईन्द्रकमल मुर्झाउन पुग्छ भनेर आफ्ना भावहरू काव्यमा उतारेकी छन् ।यसरी क्रान्ति, चेतना र समाज रूपान्तरणको खातिर बाबाले गरेको सत्प्रयास यस खण्ड काव्यमा यत्र तत्र देख्न पाईन्छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा विधवा महिलाहरूमाथि बिभेद छैनन् तर समाजको पुरातन बेथितिका ध्वनिहरूले नियम कानुनलाई धज्जी उडाएको देखिरहेका छौं । उत्तर आधुनिक नेपालमा यस्ता हक अधिकार र महिलाहरूको स्वतन्त्र अस्तित्वको रक्षाका खातिर यस्तै चेतना र जागरणले भरिएका पुस्तकहरूको जरूरी छ, बाबाले थोरै मात्रमा भएपनि यो रिक्तता पुरा गर्ने महायज्ञमा प्रज्वलनशील समीधा प्रदान गरेकी छन् । गणतान्त्रिक नेपालका उपलब्धिहरू मार्फत यस्ता पीडित स्वरहरूको अस्तित्वलाई झनै सुरक्षा,संरक्षण गर्नु जरूरी छ ।बाबा जस्ता सचेत लेखकको कारण समाजमा परिवर्तनका किरणहरू फैलिंदै जाने कुरामा शंका छैन् । विधवा महिलाहरूले उपेक्षित हुन नपरोस् र उनीहरूले समाजमा सम्मानित जीवन बाच्न सकुन । मध्ययुगीन बर्बरताका माखेसांग्लाहरू चुंडिएर जानुपर्छ । विधवा महिलाहरूको जीवन स्वतन्त्र र शालीन र स्तुत्य हुन सकोस् ।बस्नेतबाट आउंदा दिनहरूमा अझै राम्रा अनि सामाजिक सचेतना र परिवर्तनको धार बोकेका कृतिको अपेक्षा गर्दै अहिलेलाई यतिनै भनें मैले !

# बेलायत : अँध्यारो, पुरानो, निन्याउरो देश

**नियात्रा संस्मरण**

**घनश्याम राजकर्णिकार**

**घनश्याम राजकर्णिकार नियात्राकारका रूपमा सुपरिचित छन् । नियात्रा पढ्दा जति सरल देखिन्छ लेख्न त्यति सरल र सहज छैन । आफ्नो व्यवसायका अतिरिक्त भ्रमणमा विशेष रूचि भएका कर्णिकारले स्वदेश तथा विदेशका विभिन्न मुलुकका पर्यटकीय स्थलहरूको भ्रमण गरिसक्नुभएको छ । आफ्नो भ्रमणलाई जीवन्त रूपमा साहित्यमा उतार्ने क्षमता भएका कर्णिकारका थुप्रै पुस्तकहरू प्रकाशित भएका छन् । 'विदेशको यात्रा' शीर्षकको पुस्तकमा विभिन्न मुलुकको यात्रा वृत्तान्त पढ्न पाइन्छ । उक्त पुस्तकमा समेटिएका यात्रा संस्मरण ग्रेटर नेपालका पाठकहरूसामु पुऱ्याउने उद्देश्यले ग्रन्थकार घनश्याम राजकर्णिकारको सौजन्यमा नियमित पत्रिकाको अंक ४० बाट प्रकाशन आरम्भ गरेका छौं । अगाडिको अंकको यसै स्तम्भमा लेखकको नाम छुट्न गएकोमा क्षमा प्रार्थी छौं –** ***सम्पादक***



**परालको त्यान्द्रो**

'हिथ्रो' विमानस्थलबाट बाहिर निस्कँदा रातको दस बजिसकेको थियो । त्यसै बिचल्लीमा परियो जस्तो भयो । बल्ल एउटा ट्याक्सी फेला पर्छ । ट्याक्सी उन्नाइसौं शताब्दीको फोर्ड मोटरजस्तै रहेछ । अब केके न होला भन्ने तर्क-वितर्क र आशङ्काले मन मडारिइरहेको थियो । त्यसैले आफूसँग भएको ठेगाना देखाउँदै शाही नेपाली राजदूतावासमा पुऱ्याइदिने अनुरोध त्यस ट्याक्सीड्राइभरसँग गरेँ । साँच्चै डुब्न लागेको मानिसलाई परालको त्यान्द्रो पनि ठूलो सहारा भएजस्तै विदेशमा कहीँ-कतै बिचल्लीमा पर्न लागेका यात्रीलाई अन्तिम शरण आफ्नै देशको दूतावास हुँदो रहेछ। त्यो रातमा त्यो ट्याक्सीवालाले बाटो घुमाएर लग्यो-लगेन थाहा भएन र यसमा मैले चिन्ता पनि गरिनँ । तर मुख्य कुरो आफ्नो मातृभूमिको दूतावासअगाडि लगी मलाई पुऱ्याइदिएको नै अँध्यारोमा बत्ती बलेको जस्तो हुन पुग्यो ।

यस्तो रातमा म आएको देख्दा शाही नेपाली राजदूतावासका द्वारपालजस्ता दुई जना नेपाली युवाहरू आश्चर्यचकित भए । जुन कुरा पनि 'भोलि' भन्न सिपालु भएका हामी नेपालीको बानीलाई तिनीहरूले लगत्तै मुखरित गरिहाले । तैपनि बाध्यतावश आफ्नो बेथाको सानो अंश सुनाउन मलाई करै लाग्यो, एम्बेसडरसाहेब वा सेक्रेटरीज्यूसँग नै कुराकानी गर्ने इच्छा व्यक्त गरेँ । ती दुईमध्ये एक जना यसो भित्र पस्यो- सायद फोन गरी सोधपुछ गर्न गएको थियो क्यारे ! छिनभरमै आएर नकारात्मक उत्तर दिन लाग्यो ।

मैले आफ्नो जिद्दी छोडिनँ र त्यसैले होला एक जनाले अर्कोलाई "ए, खदरसाहेब (खरदारसाहेब) काँ लग्नोस्" भनेको रहेछ क्यारे, मैले त एम्बेसडरसाहेब... भनेको जस्तो सुन्न पुगेँ र मनमनै खुसी भएँ । मलाई त्यस भवनमा तिनीहरूले जुन बाटोबाट लगे, त्यो देख्दा आश्चर्यचकित हुनुपऱ्यो- जताततै अनावश्यक फोहोरमैलाको थुप्रो, ठाउँठाउँमा भित्ताका कुनामा



माकुराको घरसंसार तथा एक कुनामा पुरानो कलाकृतियुक्त थोत्रो भाँचिएको कवच उदाङ्गिएको देखेँ । मैले मनमनै एम्बेसडर भन्ठानेको खरदारसाहेब त लथालिङ्ग भएको एउटा कोठामा आफ्नी हस्तिनीजस्ती श्रीमतीसँग बसी एउटा थोत्रो टेलिभिजनमा फुलटबल खेल पो हेर्न लागेका रहेछन् । 'तँ, तिमी, तपाईं, हजुर' मध्ये सबभन्दा उच्च शिष्टाचारयुक्त शब्दको बारम्बार प्रयोग गर्दै मैले त्यस व्यक्तिलाई हुनसम्म इज्जत गरेँ । तर जति मान्यो उति मनाउनुपर्ने हाम्रो नेपाली बुद्धि त्यस खरदारसाहेबको शिरमा पनि खचाखच भरिएको रहेछ । यहाँसम्म कि मेरो रामकहानीमा सहानुभूतिका दुई शब्दसम्म नबोली त्यसै टारेको देख्दा आतिथ्यसत्कारमा राम्रो स्थान ओगटेको हाम्रो राष्ट्रिय गौरवलाई समेत ती खरदारजस्ता विदेशमा प्रतिनिधित्व गरेर बसेका व्यक्तिहरूले धूमिल नपार्लान् भनेर कसरी विश्वस्त हुने ? भन्ने मनमा लाग्न गयो ।

अन्ततोगत्वा मेरो उपस्थिति खरदारजीलाई बोझिलो हुन गएको जस्तो मलाई लाग्यो । आत्मसम्मानप्रति मेरो पनि आफ्नै परिवेश हुने हुँदा जस्तोसुकै अवस्थामा पनि यसलाई सङ्कुचित नपारी प्रस्फुरित पार्ने मेरो आफ्नै बानी छ । यसैले एम्बेसडरसाहेब भनी ठानेको त्यस खरदारसाहेबबाट जति सक्यो चाँडो अलग्गिनु नै उचित ठानेँ । अतः त्यहाँबाट फुत्किन नजिकैको होटेलमा एउटा कोठाका लागि व्यवस्था गर्न लगाई छिटोछरितोसँग खरदारजीसँग बिदाबारी भएर गएँ ।

पर्यटकीय कटु अनुभव होटेलमा पुग्दा रातको अन्दाजी साढे बाह्र-एक बजेको थियो होला । पेटमा चुइँ...य, चुइँ...य मुसो कराएको हुन्छ। तर खाना भने ठप्प। लौ, आजको रातभर विवश भई उपवास गर्ने पऱ्यो भन्ने अठोटले धूवाँ मात्र कोठाभरि फ्याँकिरहेको हुन्छु। निद्रादेवीको प्रतीक्षा गर्दागर्दै जाग्राम बस्नुपऱ्यो । यस अवधिमा कहिले भखरै अघि एक नेपालीले अर्को नेपालीलाई नचिनेको जस्तो गरेको व्यवहारले मानसपटमा चोट लागेको अनुभव हुन्थ्यो त कहिले स्टुटगार्टमा भिसा लिँदा झन्झट भएको सम्झना हुन्थ्यो र फेरि कहिले 'हिथ्रो' विमानस्थलमा पासपोर्ट देखाउँदा झन्झटको गोता खाएको घटनाले शिरमा फन्का माथ्र्यो । साँच्चै, यसो सोचेर हेर्दा छद्मवेशी लुच्चा व्यक्तिहरूको धूर्त करामतले गर्दा सोझा-निमुखा पर्यटक यात्रीसमेत झोजझमेलामा फस्नुपर्ने स्थितिको सिर्जना वस्तुतः विमानस्थल कार्यालयको कच्चा व्यवस्थापन नै हो भन्नुपर्छ । नत्रभने 'खाइ न पाइ छालाको टोपी लाइ' भनेजस्तो मन मर्ने कटु अनुभव किन हुन जान्थ्यो र ! अब त साँच्चै कुनै देश वा मुलुक यसरी प्रवर्तक बनेर आउनुपरेको छ जहाँ पर्यटक यात्रीहरूले पासपोर्ट, भिसा, कस्टम, इमिग्रेसनजस्ता पट्यारलाग्दो जन्जालमा अनायास होमिन नपरोस् । किनभने ईश्वरको अनुकम्पाले संरचना भएको यो विश्वब्रह्माण्डको कुनै पनि भाग कुनै पनि जातिको पुर्ख्यौली पैतृक सम्पत्ति होइन । आजको विकसित नैतिक धरातल यही हुन आउँछ कि विश्वको कुनै पनि भागमा जोकोही व्यक्तिलाई सुगमतासाथ घुमफिर र आवागमन गर्न पाउने मानवअधिकार उपलब्ध हुनुपर्छ। स्वतन्त्र विश्वरचनाका सहभागी बेलायतजस्ता ठाउँमा केही दिनका निमित्त घुम्न खोज्दा भुस्याहा कुकुरले नवागन्तुकलाई ह्वाङह्वाङ र ङ्यार... ङुर... गरेझैंको कटु अनुभव आफूलाई भयो ।

पर्यटन

# श्रीजंघामा श्रीपञ्चमी मेला

श्रीपञ्चमी मेलाको आफ्नै धार्मिक, सांस्कृतिक, सामाजिक विशेष महिमा छ । पूर्वमा हाट बजार, जहाँबाट आफ्नो दैनिक उपभोग्य बस्तुको खरिद बिक्रीदेखि नाता सम्बन्ध गाँस्ने संगमस्थलको रुपमा लिइन्छ । प्रायः तिथि, बार, बिशेष पर्वका दिनहरुमा हप्ता, पाक्षिक, मासिक, वार्षिक रुपमा मेला लाग्ने गरेको पाइन्छ । सामाजिक सद्भाव कायम गर्न, आवश्यकत्ता र मनोरन्जन दुबै पाटोलाई समेट्दै ठूला ठूला मेलाहरु लाग्ने गरेको इतिहास छ ।

यस्तै ठूला मेलाको श्रेणीमा पर्ने श्रीपञ्चमी मेला ताप्लेजुङको श्रीजंघा गाउँपालिका वडा नम्बर १ सिनामको पञ्चमी बजार छेउ सोसुङ्गा र कावेली दोभानमा ६ दशकको सेरोफेरोदेखि मेला लाग्ने गरेको स्थानीय अग्रजहरु बताउँछन् । त्योभन्दा अगाडि थुम्बेदिनमा यस्तो मेला लाग्ने गरेको पाइन्छ । सरस्वती पूजाको दिनबाट मेला सुरु भई ३ दिन २ रात लामो मेला लाग्ने गर्थ्यो । झापा, मोरङ, धरानबाट सिद्रा, सुर्तिको ब्यापारी आउने गर्थे भने, पाँचथरको रानी गाउँ, याशोक, चोकमागुसम्मबाट चुरा तोसरोटी मट्टितेल आदिको ब्यापार हुने गर्थ्यो । भारतको असाम, सिक्किम, दार्जिलिङ्ग, नेपालको पूर्वी पहाडी जिल्लाहरुदेखि झापा, मोरङ, सुनसरीदेखिका मानिसहरु बजार भर्न उपस्थित हुने गरेको पाइन्थ्यो । बिशेषतः आफ्नो जन्मस्थानको घुमघाम, आफन्तसंगको भेटघाट, किनबेच, प्रेमीहरु बीचको मिलनदेखि विवाहसम्मको प्रशस्त उदाहरण छन् ।

विशेषत लिम्बु संस्कार अन्तर्गतको मुख्य नाच 'धान नाच' मेलाको रौनक हुने गर्थ्यो । प्रेमी प्रेमीकाहरु भेट हुनासाथ सामान्य ढोगभेट भए पश्चात नै धान नाच सुरु हुने गर्थ्यो र ३ दिन २ रात अविरल यो नाच चलिरहन्थ्यो । धान नाचमा गाइने पालम लिम्बु भाषामै हुने गर्दछ ।

बिशेष माया प्रीति, चलन, संस्कार र विकृतीसम्मलाई समेटेर ठेट लयमा २ जनादेखी दर्जनसम्मको हुलले एक अर्काको हात समातेर निश्चित समयावधिभित्र एकैपटक अगाडि र एकै पटक पछाडि फर्केर गाउने गरिन्छ पालमलाई । लिम्बू जातिहरुको मैलिक संस्कार भए तापनि गैरलिम्बूहरु पनि धान नाच्न र पालम गाउन खप्पिस भेटिएका प्रशस्तै उदाहरणहरु छन् । सायद यसैलाई सद्भाव अनि बहुल जात अनि धर्मबीचको सहिष्णुता र नेपाली मनको अन्तर पहिचानको रुपमा लिनुपर्दछ ।

लिम्बु संस्कार अन्तर्गत नै यदि प्रेमी प्रेमीकालाई मन मिले २ जनाको सहमतिमै प्रेमिकाको परिवारबाट भगाएर लैजाने नत्र झगडाको त्रास रहे पनि आकल झुक्कल प्रेमीले जबरजस्ती लैजाने समेत सामान्य संस्कारको रुपमै लिइन्थ्यो र त्यो सम्भव नभए आफ्नो गाउँघरमा पाहुना लगेर सकेसम्म फकाएर नत्र जबरजस्ती विवाह बन्धनमा गाँसिने चलन समेत



रहेको पाइन्थ्यो ।

समय परिवर्तन हुँदै गयो, फोन र इन्टरनेटको सुबिधासँगै मेलामै गएर भेट्ने चलनप्रति उदासिन देखिन्छ हालको युवा समाज । पहिलाको जस्तो पुरै समय मेलामै रमाउने, मेलामा उपलब्ध सेल रोटी, घरमा उसिनेर केराको पातमा बेरेर थुन्चेमा ल्याएको तरुल, सक्खर र चिउरा, काँचो काँचो भात, राँगा, सुगुर, खसी कुखुराको मासु, कावेलीको असला माछा, तिते माछा, उसिनेको अण्डा, तोस रोटी, पानी जस्तै फिक्का भई सकेको दूधमा बोरामा बिजनबारीबाट आयातित हाते चिया पत्तिमा बनेको चिया, चिनीको साटो सक्खर हालेर मैदाको पिठोमा पोलेको रोटी - जुन चपाउँदा मेला सकिएको हप्ता दिनसम्म च्यापु दुखेको मिठो अनुभव छन्, कोदोको जाड, रक्सी, फूल तरुल गहुँ भातबाट बनेको भाती जाड बिशेष मेलाका खुराक हुने गर्थे भने हाल मम, चाउमिन, थुक्पा लगायत आधुनिक खानपिन मेलामा पाउने गर्छ ।

३ दिन २ रात सोसुङ्गाको पागो कमेरे माटोमा बस्दा धुलोले एक अर्कालाई चिन्ने गाह्रो हुने गरेको सबै भन्दा रमाईलो पक्ष हुन् । पहिला धान नाच अपरिहार्य थियो भने अहिले आफ्नो संस्कार जोगाउन स्टेजमा शोको रुपमा प्रदर्शन गर्ने गरिन्छ । दोहोरी, संगिनी, मालश्री, बालन, श्लोक, नृत्य समेत मेलाको आकर्षण हुने गरेको पाईन्थ्यो । हाल मेला लाई जिवन्तता दिन खेलकुद, राष्ट्रिय कलाकार सहितको सास्कृतिक कार्यक्रमहरु सहित आयोजकहरुले दर्शक तान्ने गरेको पाइन्छ । गाउँ, आफु जन्मिएको ठाउँ, हरेक दिन पौडी खेल्ने गरेको त्यो कावेली खोला, सिनाम स्कुल जहाँबाट प्रज्वलित शिक्षाको दियोले हाम्रो नेपालमात्र हैन बिश्वमै परिचय दिने बिध्वत जन्माएको २००७ सालमै स्थापित पूर्बकै शिक्षाको पर्यायवाची नमुना बिद्यालय, सिनामको शिरमा अवस्थित सानो पाथीभरा जहाँ साक्षात देबीको दर्शन र फल पाईने धार्मिक स्थलसम्मले सज्जित स्थानमा लाग्ने अन्य मेलाहरु नाग पञ्चमी, भुमिराज, रमाईलो, माघेनी मेला र हरेक १५ दिनमा पञ्चमी तिथीको दिन पञ्चमी बजारमा लाग्ने गरेका मेलाहरु तत्कालिन स्थानीय शोभाको रुपमा लिइन्छ ।

मेलाको रौनकता तथा स्थानिय कलाकारिताको खोज गर्ने हेतु आयोजकले प्रदान गर्ने पुरस्कार र ट्रफि बाहेक मेलामा स्थानिय कलाकारिताको सम्मानार्थ अष्ट्रेलिया पढ्नको लागी नेपालकै अग्रणी बाबा एजुकेशन कन्सल्टेन्सीले नृत्य र गायनमा प्रथम हुने ब्यक्तिलाई अष्ट्रेलिया पढ्नको लागी आई एलटिएसदेखि सुरुमा लाग्ने बिभिन्न कष्टमा छुट उपलब्ध गराईदिने समेत निर्णय कम्पनीका प्रबन्ध संचालक श्री राजेन्द्र शर्माले उदघोष गर्नु भएको छ भने सम्पूर्ण प्रतिशप्रधिहरुलाई बाबा एजुकेशनको लोगो अंकित कलम मायाको चिनो स्वरुप प्रदान गरिने छ ।

# प्रियंकाको प्रवेशले हलचल



विष्णु भट्टराई

भारतमा केन्द्रीय संसद् लोकसभाको निर्वाचन नजिकिँदै गइरहेको बेलामा देशको सबैभन्दा पुरानो पार्टी कांग्रेस आइले सो पार्टीका अध्यक्ष राहुल गान्धीकी बहिनी प्रियंका गान्धीलाई राजनीतिमा ल्याएको छ । राहुलले प्रियंकालाई बुधबार सो पार्टीको पूर्वी उत्तर प्रदेशको महासचिवमा नियुक्त गरेका छन् । प्रियंकाले आउँदो फेब्रुअरीको पहिलो साताबाट कार्यभार सम्हाल्ने बताइएको छ ।

नेहरू-गान्धी परिवारबाट कांग्रेस आइमा राजनीतिमा प्रवेश गर्ने उनी पछिल्लो पुस्ताकी व्यक्ति हुन् । सो परिवारको कांग्रेस आइमा झण्डै ६० वर्षसम्म सक्रिय सहभागिता रहेको छ । पारिवारिक वर्चश्वका कारण पनि कांग्रेस आइविरुद्ध सत्तारुढ भारतीय जनता पार्टीले वंशवादको आरोप लगाउँदै आएको हो ।

प्रियंकाको राजनीतिमा प्रवेशसँगै कांग्रेस आइविरुद्धको यो आरोप पुनः लाग्ने निश्चित छ । यद्यपि, प्रियंका स्वयंको कुरा गर्दा उनको प्रभाव पार्टी कार्यकर्ताहरू माझ निकै लामो समयदेखि रहँदै आएको छ । कार्यकर्ताले उत्तर प्रदेशमा पार्टीको वर्चश्व बढाउनका लागि प्रियंकालाई राजनीतिमा सक्रिय बनाउनुपर्ने माग समेत गर्दै आएका थिए ।

राहुलले आफ्नी बहिनीलाई पूर्वी उत्तर प्रदेशको महासचिवमा नियुक्त गरेपछि कार्यकर्तामा उत्साह देखिएको छ । उनलाई 'गेम चेन्जर' कै रूपमा कार्यकर्ताले लिएका छन् । सन् १९६० को दशकमा नेहरू र इन्दिरा गान्धी पिता तथा पुत्रीको रूपमा र फेरि १९७० को दशकमा इन्दिरा र सञ्जय (आमा- छोरा) अनि त्यसपछि १९८० को दशकमा इन्दिरा र राजीव (आमा -छोरा) मा कांग्रेसको राजनीति केन्द्रित रह्यो । गान्धी परिवारभन्दा बाहिरबाट पहिलो पटक कांग्रेसको प्रतिनिधित्व गर्दै पीभी नरसिंह राव प्रधानमन्त्री भएका थिए । उनले पारिवारिकबाहेक १९९६ सम्म कांग्रेस पार्टी र यसको सरकार चलाएका थिए ।

१९९८ मा कांग्रेसको विभाजनपछि पार्टीको खस्कँदो अवस्थाका कारण सोनीया गान्धी राजनीतिमा प्रवेश गरिन् । सन् १९९६ देखि १९९८ सम्म कांग्रेसको प्रमुख रहेका गान्धी परिवारका बफादार सीताराम केसरीले पार्टीलाई एकीकृत गर्न सकेनन् । अवस्था यस्तो आयो कि कांग्रेसमा गान्धी परिवारबिना केही हुन नसक्ने देखियो । गान्धी परिवारलाई पनि छायाँमा पर्ने डर थियो ।

यही अवस्थामा सोनियाले सन् २००४ को लोकसभा निर्वाचनसम्म पार्टीलाई एकीकृत ढंगले अघि बढाइन् । त्यतिवेला अटलविहारी बाजपेयी नेतृत्वको भाजपा गठबन्धनले सरकार गुमाएको थियो । त्यसपछिका १० वर्ष सोनिया र राहुल आमा छोराले राजनीतिमा बलियो उपस्थिति देखाएका थिए । प्रधानमन्त्री पदमा भने डा. मनमोहन सिंहलाई राखिएको थियो ।

तर, २०१४ मा कांग्रेस भाजपासँग नराम्रोसँग पराजित भयो । त्यतिवेला अहिलेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको प्रचार अभियानमा कांग्रेस आइ निकै नै पुड्के देखिएको थियो । सोनीया र राहुल स्वयंले पनि कमजोरी महसुस गरे । तर, पछिल्लो समय मोदी सरकार बदनाम हुँदै गएपछि तीन वटा मुख्य राज्य मध्यप्रदेश, छतीसगढ र राजस्थानमा भाजपा पराजित भयो र कांग्रेस आइ उत्साहित रहँदै आएको छ । यही सफलतालाई दृष्टिगत गर्दै सन् २०१९ मा हुने निर्वाचनमा सोनीया, राहुल र प्रियंकाको तीन सद्स्यीय पारिवारिक प्रतिनिधिमण्डलले चुनाव हाँक्ने संकेत देखिएको छ । यसो हुनु भनेको वंशवादतर्फ पुनः भारतको पुरानो पार्टी अघि बढेको अवस्था पनि हो ।

यसअघि प्रधानमन्त्री मोदीले कांग्रेसभित्रको वंशवादको कटु आलोचना गर्दै आएका थिए । बुधबार प्रियंकाको नियुक्तिले गर्दा उनलाई यही मामिलामा नयाँ मसला मिलेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् । यो महिनाको सुरुमा समाजवादी पार्टी (सपा) र बहुजन समाज पार्टी (बसपा) को गठबन्धनले चुनावी तालमेलको घोषणा गरेका थिए । उत्तर प्रदेशमा ती पार्टीहरूले सबैभन्दा पुरानो पार्टी कांग्रेस आइलाई बेवास्ता गर्दै यो गठबन्धन गरेका हुन् ।

सपा र बसपाबाट मिलेको सबकले कांग्रेसले शुरुमा उत्तर प्रदेशका सबै ८० सिटमा उमेदवार उठाउने घोषणा गरेको थियो । पछि उसले समान विचारधारा भएका पार्टीहरूसँग कार्यगत चुनावी एकताको लागि तयार रहेको जनाएको थियो । गान्धी परिवारको चर्चाका कारण पनि त्यहाँ प्रियंकालाई लैजाँदा माहौल तात्ने अपेक्षा कांग्रेसले गरेको हो । भारतमा प्रभावशाली मानिने पूर्वप्रधानमन्त्री इन्दिरा गान्धीसँग प्रियंकाको भेषभूषादेखि बोल्ने शैलीसम्म मिल्ने भनेर धेरै भारतीयले मन पराउने गरेका छन् । त्यसले गर्दा पनि उनलाई स्टार व्यक्तित्वका रूपमा पार्टीका



कार्यकर्ता र सर्वसाधारण जनताले पनि लिने गरेका छन् । उनको यो ख्यातीलाई कांग्रेसले चुनावको वेलामा प्रयोग गर्न खोजेको सहजै बुझ्न सकिन्छ ।

आधिकारिक रूपमा प्रियंकालाई पार्टीमा यसपाली काम दिइएको हो । उनी आवधिक रूपमा भने यस अघि पनि खटिँदै आएकी हुन् । यसअघि उनी आफ्नी आमा सोनीया र दाजु राहुलको निर्वाचन क्षेत्र क्रमशः रायबरेली र अमेठीमा चुनावी व्यवस्थापनको काममा सक्रिय रहेकी थिइन् ।

केही अघि उत्तर प्रदेशमा एउटा ब्यानर नै प्रचारमा आएको थियो । स्थानीय कार्यकताले सो ब्यानरमा 'दिल्लीकी हार पर शोक जताओः प्रियंका ल्याओ, कांग्रेस बचाओ' भन्ने नारा लेखेर प्रचार गरेका थिए । उत्तर प्रदेशका कांग्रेस विधानमण्डलका नेता अजयकुमार लल्लू भन्छन्, 'अब युपीमा कांग्रेसले चमत्कार गर्नेछ ।' गएको तीन दशकमा कांग्रेसको हालत उत्तर प्रदेशमा चौथो नम्बरमा रहेको छ । कांग्रेसको मुख्य आधार स्थानीय दलित, मुसलमान र ब्राम्हण रहे पनि पछिल्ला समयमा ती मतदाता कोही स्थानीय पार्टी तर्फ र कोही भाजपातिर लहसिएका थिए । क्षेत्रीय दल बहुजनतिर दलित, समाजवादी तर्फ मुसलमान र भाजपा तिर ब्राम्हण गएका थिए । तर, अहिले प्रियंकाका कारण ती जातीय समूहहरू पुनः कांग्रेस आइतर्फ आकर्षित हुने अपेक्षा कांग्रेसी नेताहरूको छ । बहुजन र समाजवादी दलको गठबन्धनले कांग्रेस नेताहरू उठ्ने गरेको रायबरेली र अमेठीमा सन् २०१९को चुनावमा उम्मेदवार नउठाउने घोषणा गरिसकेको छ ।

उता राहुलले पनि क्षेत्रीय दलहरूसँग आफ्नो पार्टीको कुनै समस्या नरहेको बताइसकेका छन् । प्रियंकाको राजनीतिमा प्रवेशले कांग्रेसलाई पार्न सक्ने सकारात्मक प्रभाव बारेमा उत्तर प्रदेशको राजनीतिमा नजर राख्ने वरिष्ठ पत्रकार अम्बिकानन्द सहाय भन्छन्, 'अहिले पनि नेहरू गान्धी परिवारमा आम मानिसको लगाव रहेको छ । प्रियंका इन्दिरा गान्धीजस्तो लाग्ने भएकोले यसको असर त पक्कै पर्छ ।'

उनले वंशवाद र बदनाम पतिका बारेमा भने तत्काल प्रश्नहरू झेल्नुपर्ने अवस्था रहेको छ । त्यसैगरी, दाजु राहुल असक्षम भएकाले बहिनीलाई राजनीतिमा ल्याउन लागिएको भनेर विपक्षीले लगाएको आरोपलाई पनि त्यसो होइन भनेर प्रमाणित गर्नुपर्ने अवस्था रहेको छ ।

# गरिबको नारामा राजनीति

भारतमा नरेन्द्र मोदी नेतृत्वको सरकारले आफ्नो यो कार्यकालको अन्तिम बजेट ल्याएको छ । यो अन्तरिम बजेटमा गरिबी घटाउनेदेखि निम्नमध्यम वर्ग, किसान र मजदुरका लागि केही घोषणा गरिएका छन् । सबैभन्दा ठूलो घोषणा भनेको अब भारतमा ५ लाखसम्म कमाइ गर्नेले आयकर तिर्नुपर्ने छैन । यसबाट सबैभन्दा बढी निम्नमध्यम वर्गले राहत पाउनेछन् । यो बजेटलगत्तै प्रधानमन्त्री मोदीले प्रशंसा गर्दै भनेका छन्, 'यो बजेट सर्वव्यापी, सर्वस्पर्शी, सर्वसमावेशी र सर्वोत्कर्षमा समर्पित छ ।' मोदी सरकारको यो बजेट एउटा फगत बजेट मात्रै नभएर यसै वर्ष हुने लोकसभा निर्वाचनमा भारतीय जनता पार्टीको ठूलो चुनावी तयारी पनि हो । भारतीय कांग्रेसका अध्यक्ष राहुल गान्धीले छत्तीसगढको किसानको ¥यालीमार्फत मोदीतिर हुत्याएको गरिबी हटाउने चुनावी एजेन्डाको जवाफ पनि हो, यो बजेट । जसले गरिब र निम्नमध्यम वर्गलाई आफूतिर तान्न खोजेको छ । तर, यो गरिबको नारामा राजनीति गर्ने चलन पुरानै हो ।

विश्वमा गरिबी निवारणका लागि धेरै कदम चालिएका छन् । अनि विश्वमा भइरहेका राजनीतिक गतिविधिले गरिबी बढाएका धेरै उदाहरण हामी पाउँछौं । 'वर्ल्ड पोभर्टी क्लक'का अनुसार अफ्रिकी देशहरू मादगास्कर, जाम्बिया, डीआर कंगो, कंगो, दक्षिण सुडान, सुडान, चाड, नाइजेरिया, गुएना, दक्षिण अमेरिकी राष्ट्र भेनेजुएलालगायतका देशमा गरिबी बढ्दो क्रममा छ । दक्षिण एसिया र दक्षिणपूर्वी एसियाली देशहरूले गरिबी घटाउने कार्यमा प्रगति हासिल गरेका छन् । विश्वमा सहरी क्षेत्रमा बसोबास गर्ने एक तिहाइ मानिसको जीवन कठिनसाथ बितिरहेको छ । उनीहरू भीडभाडयुक्त सहरका असुरक्षित र अस्वस्थकर घरमा बसोबास गर्छन् । 'ग्लोबल पोभर्टी रिपोर्ट २०१८ का अनुसार सहारा उपमहाद्विपका ४२ प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनि छन् । हरेक १ हजार बालबालिकामध्ये ४२ जना ५ वर्ष उमेर नपुग्दै मृत्युवरण गर्न बाध्य हुन्छन् भने हरेक ३६ जनामध्ये एक जना जन्मिएको एक महिनाभित्र मर्छन् । निरपेक्ष गरिबीको रेखामुनि बाँच्न बाध्य बालिबालिकामध्ये ७५ प्रतिशत सहारा उपमहाद्विप र एसियाली क्षेत्रमा छन् । गरिबीको यो भयावह अवस्था अन्त्यको नारा लगाएर राजनीतिक फस्टाउँदै आएको छ ।

भारतको १७औं लोकसभाका लागि अप्रिलदेखि मेसम्ममा निर्वाचन हुँदै छ । त्यसका लागि अहिले सत्तामा रहेको भारतीय जनता पार्टी र विपक्षी भारतीय कांग्रेसले तयारी तीव्र पारेका छन् । मोदी सरकारले आफ्नो यो कार्यकालको अन्तिम बजेट शुक्रबार लोकसभामा पेस गर्दै ५ लाखसम्मको आयमा कर नलगाउने घोषणा गरेको छ । यसको फाइदा प्रत्यक्ष रूपमा मध्यमवर्गले हात पार्न सक्नेछ ।

पछिल्ला दिनमा भारतीय नेताबाट हुने यस्ता घोषणा आगामी लोकसभा निर्वाचनलाई कसरी आफ्नो पक्षमा पार्ने भन्ने उद्देश्यबाट बढी केन्द्रित हुने गरेका छन् । यस्तै घोषणा गरे कांग्रेस अध्यक्ष राहुल गान्धीले पनि । उनले आगामी निर्वाचनमा जित हासिल गरेर कांग्रेसको सरकार बनेपछि गरिबी हटाउने उद्घोष गरेका छन् । भारतीय कांग्रेसका नेताहरूले गरिबी हटाउने बाचा गरेको यो पहिलो घटना होइन । राहुल गान्धीकी हजुरआमा इन्दिरा गान्धीले सन् १९६६ मा नै यो नारा अघि सारेकी थिइन् ।

यसबाट थाहा हुन्छ कि भारतीय कांग्रेसमा नेहरू-गान्धी परिवारको गरिबीसँग पुरानै साइनो छ । गान्धी परिवारका कांग्रेसको नेतृत्व गरेका हजुरआमादेखि नातिसम्मकै नेता भारतबाट गरिबी हटाउन चाहन्छन् । इन्दिरा गान्धी पहिलोपटक प्रधानमन्त्री भएदेखि यस वर्षसम्म करिब ४३ वर्षमा सबैभन्दा बढी समय कांग्रेस नै सरकारमा बस्यो । तर, तथ्य भन्छ, न इन्दिरा गान्धीको १४ वर्षे कार्यकालमा गरिबी हट्यो, न त उनका छोरा राजीव गान्धीको कार्यकालमा नै । त्यसो त कांग्रेस नेता डा. मनमोहन सिंह प्रधानमन्त्री भएको समयमा पनि पार्टी अध्यक्ष रहेकी राहुलकी आमा र राजीवकी पत्नी सोनिया गान्धीका नीति लागू भएका थिए । त्यसबेला पनि गरिबी



निवारणका कार्यक्रम अघि बढ्न सक्थे । तर, त्यसले उल्लेख्य प्रगति हासिल भएन र अहिले पुनः राहुल गान्धी त्यही 'गरिबी हटाओ' नारा अघि सारिरहेका छन् ।

उनले २०१९ को लोकसभा निर्वाचन जितेपछि सामान्य कमाई गर्ने र बेरोजगारको बैंक खातामा निश्चित रकम जम्मा गदिने दाबी गरे । इन्दिरा गान्धीले 'गरिबी हटाओ' को नारालाई सन् १९७१ को चुनावमा शक्तिशाली विपक्षीले 'इन्दिरा गान्धी हटाओ, देश बचाओ' को नाराले जवाफ दिएका थिए । तर, इन्दिरा गान्धीको नाराले काम ग¥यो र इन्दिरा गान्धीले विपक्षीलाई हराउँदै सत्तामा आइन् । 'गरिबी हटाओ' नाराले इन्दिरा गान्धीको राजनीतिक भविष्य त चक्कियो तर भारतका गरिब थप गरिबीमा फस्न पुगे । इन्दिरा गान्धीलाई आफ्नो ' गरिबी हटाओ' नारा कति बुद्धिमत्तापूर्वक लिइएको थियो भन्ने चाहिँ १५ अगस्ट, १९७५ मा लाल किल्लामा दिएको भाषणबाट प्रस्ट हुन्छ । उनले भनेकी थिइन्, 'गरिबी हटाउने विषय कुनै जादुमयी समाधान होइन । यसको जादु भनेको कडा मेहनत, दूरदृष्टि र बलियो इच्छाशक्ति हो ।'

इन्दिरा गान्धी पहिलोपटक प्रधानमन्त्री भएदेखिको ४३ वर्षमा कांग्रेस धेरैपटक सत्तामा पुग्यो । तर, तथ्य भन्छ, न इन्दिरा गान्धीको १४ वर्षे कार्यकालमा गरिबी हट्यो, न त उनका छोरा राजीव गान्धीको कार्यकालमा नै उनको शासनकालमा सन् १९७० मा भारतमा गरिब (प्रतिदिन १ दशमलव ९० डलरभन्दा कम कमाउने) को संख्या कुल जनसंख्याको ५६ दशमलव ५५ प्रतिशत थियो । जो सन् १९८५ मा घटेर ५६ दशमलव १३ प्रतिशत मात्रै भयो । उनको कार्यकालमा प्रतिव्यक्ति आयमा चीन र अन्य दक्षिण एसियाली देशभन्दा भारत पछि पर्न गयो । बैंकको राष्ट्रियकरणको फाइदा गरिबलाई नभएर पहुँचवालालाई भयो । उनीहरूले बैंकबाट कर्जा लिएर र पचाए । यतिबेला केन्द्र सरकार र रिजर्भ बैंक सरकारी बैंकले कर्जाको जुन हैरानीको सामना गर्नुपरेको छ, त्यसको सुरुवात यसै समयमा भएको हो । इन्दिरा गान्धी र उनका छोरा राजीव गान्धीको कार्यकालमा 'गरिबी हटाओ' को जुन डम्फू बजाइरहेका थिए, त्यसका बाबजुद ४५ दशमलव ३ प्रतिशत जनता घोर गरिबीमा जीवनयापन गरिरहेका थिए र भारतमा गरिबको संख्या संसारमै सबैभन्दा बढी थियो । तर, भारत र संसारभरि नै आर्थिक उदारीकरणको अभियानपछि गरिबी घट्ने क्रम सुरु भएको छ । अहिलेकै गतिमा अघि बढ्ने हो भने सन् २०३० सम्ममा मानिसहरूलाई घोर गरिबीको रेखाबाट माथि निम्नमध्यम वर्गमा उठाउन सकिने सम्भावना भएको विशेषज्ञ दाबी गर्छन् ।

गान्धी परिवारको पुरानै एजेन्डा 'गरिबी अन्त्य' यसपटक पनि अब जबर्जस्त मैदानमा आएको छ । अब यसको सफलता वा असफलताको परीक्षणको जिम्मा भारतीय जनताको काँधमा छ । तर, उनले राहुल गान्धीले भनेजस्तै गरिबी घटाउन न्यूनतम आम्दानी सुनिश्चित गर्ने कुरा सम्भव छ या छैन भन्ने कुरा बहसमा छ । यो घोषणा गर्दै उनले भनेका छन्, 'यो योजनाको कार्यान्वयनपछि देशमा कोही पनि गरिब व्यक्तिले भोकै सुत्नुपर्दैन ।' भारतीय कांग्रेसका नेता पी. चिदम्बरमले यसैलाई समर्थन गर्दै भनेका छन्, 'यो ऐतिहासिक घोषणा हो, सन् २००४ देखि २०१४ को बीचमा १४ करोड गरिबीको चंगुलबाट मुक्त भएका छन् ।

*एजेन्सीको सहयोगमा*

## रोचक संसार

### सुरुङ मार्ग



विज्ञान र प्रविधिको अहिलेको युगमा के असम्भव छ र ? अब निकट भविष्यमै मानिसहरु समुद्रको पानीमुनि तैरिरहेको सुरुङमा कुँद्न सक्नेछन् । समुद्री बाटोबाट एक सहरबाट अर्को सहरसम्मको यात्रालाई सहज बनाउनका लागि नर्वेले एउटा अनौठो प्रयोग गर्दैछ । उसले निकट भविष्यमै समुद्रको पानीभित्र तैरिने सुरुङको निर्माण गर्दैछ । कंक्रिटबाट बन्ने उक्त सुरुङ दुई लेनको हुनेछ ।

सन् २०५० सम्ममा उक्त समुद्री सुरुङको निर्माण सक्ने नर्वेको सार्वज्निक सडक प्रशासन कार्यालयको योजना छ । उक्त सुरुङ बनेर सञ्चालनमा आयो भने त्यो कुनै चमत्कार भन्दा कम हुनेछैन । स्मरण रहोस् चीन, दक्षिण कोरिया, इटाली र इण्डोनेसियाले पनि यस्तै खाले परियोजनामा काम गरिरहेका छन् ।

समुद्रको १ सय फिटको गहिराइमा स्थापित गरिने उक्त तैरिने सुरुङ २ सय ५ किलोमिटर लामो हुनेछ । भिमकाय पाइप आकारका ती सुरुङहरु यति बलियो हुनेछन् कि कुनै मौसमी घटनाले असर गर्नेछैन । सुरुङ बनाउन ४० अर्ब डलर खर्च हुने अनुमान गरिएको छ ।

यो सामुद्रिक तैरिने सुरुङमार्गले नर्वेका दुई सहर क्रिस्टियानस्याण्ड र ट्रोनहेमलाई जोड्नेछ । अहिले ती दुई सहबीचको सडकको दूरी ११ सय किलोमिटर रहेको छ र यात्रा गर्नका लागि २१ घण्टा लाग्दछ । उक्त सुरुङ बनेपछि दुई घण्टाभित्रै वारपार हुनेछ ।

### अनौठो मन्दिर

दक्षिण भारत विचित्र खाले मन्दिर



तथा हिन्दू परम्पराका लागि चर्चित छ । त्यहाँ एउटा यस्तो मन्दिर पनि छ जहाँ रोगबाट बँच्नका लागि खुर्सानीबाट अभिषेक गराइन्छ ।

तमिलनाडुस्थित वेलुप्पुरम जिल्लामा पर्ने इधांचवाडी गाउँमा रहेको वर्ना मुथु मरियम्मन मन्दिरमा हरेक वर्ष ८ दिनसम्म यस्तो उत्सव मनाइन्छ । जहाँ खुर्सानीको अभिषेक हेर्नका लागि ठूलो संख्या भक्तजनहरु उपस्थित हुन्छन् । मानिसहरुको स्वस्थ रहने कामना पूरा गर्नका लागि रातो खुर्सानीको अभिषेक गरिन्छ । मन्दिरको परम्परा अनुसार त्यहाँक तिनजना सबैभन्दा वरिष्ठ मानिसहरु दिनभर उपवास गर्दछन् अनि कपाल मुण्डन गर्दछन् । त्यसपछि मन्दिरमा ती मानिसहरुको पुजारीबाट पूजा हुन्छ । त्यसपछि उनीहरुको विभिन्न सामाग्रीहरुबाट अभिषेक गरिन्छ । त्यसमा चन्दन, फूलका साथै खुर्सानीले अभिषेक गरिन्छ । तिनै जनाको जिउमा रातो खुर्सानीको लेप पनि दलिन्छ । खुर्सानीको लेदो खुवाइन्छ पनि । अन्त्यमा उनीहरुलाई निमको पानीले स्नान गराएर मन्दिर भित्र लगिन्छ । मन्दिर भित्र उनीहरुले बलेको भुग्रोमाथि हिड्नु पर्दछ । सो गाउँमा पछिल्लो ८५ वर्षदेखि यो परम्परा चलिआएको बताइन्छ ।

### जागिर छाड्दा पैसा तिर्नुपर्ने देश

अहिलेको प्रतिस्पर्धाको युगमा मिल्दो जागिर पाउन पनि गाह्रो छ । जागिर खानका लागि हाम्रोजस्तो देशमा पैसा खर्च गर्नुपरेका तथा घुस खुवाउनु परेका घटना पनि सार्वजनिक भैरहन्छन् ।

तर एउटा देश यस्तो छ, जहाँ जागिर पाउनका लागि होइन छँदाखाँदाको जागिर छाड्नका लागि मानिसहरुले ठूलै पापड बेल्नु पर्दछ । कतिपय मानिसले त जागिर छाड्नका लाीग आफु मरेको झुटो खबर पनि फैलाउँदछन् । कतिपयले हाकिमसँग झुटो बोल्नका लागि भाडामा मानिसहरु पनि खटाएका हुन्छन् ।

यस्तो अनौठो हरकत जापानमा हुन्छ । मानिसहरु जागिर छाड्नका लागि अनेक खालका गलत कदम समेत चाल्न थालेपछि जापानमा मानिसलाई जागिर छोडाउनका लागि कम्पनीहरु नै खुल्न थालेका छन् । जापानको टोकियोमा बस्ने युइशिरो ओकाजाकी र तोशियुकी निनोले मानिसहरुलाई जागिर छोडाउने कम्पनी खोलेर बसेका छन् । उनीहरुको कम्पनीको सहयोगमा पछिल्लो १८ महिनामा १५ सय पटक जागिरबाट राजिनामा दिन सफल भएका छन् । कम्पनीले जागिर छाड्नका लागि छटपटाइरहेका मानिसहरुका लागि ठूलो गुन लगाउँदै आएको छ ।

### खान मिल्ने कपडा



आणविक हतियार परीक्षण तथा छिमेकीमाथि आक्रमणको धम्की दिएर विगतमा चर्चामा आउने गरेको उत्तर कोरिया अहिले नयाँ कारणले चर्चामा आएको छ । गरिबी तथा भोकमरीबाट जुधिरहेको देश उत्तर कोरियाका तानाशाह किम जोङ उनले पौडी, हाइकिङ्ग तथा साहसिक खेलसँग सम्बन्धित उपकरण साधनहरु सार्वजनिक गरेका छन् । किमले लञ्च गरेका ती फेसन प्रडक्ट निकै विशेष र दुनियाँमै अद्वितीय रहेका छन् । यी कपडाको सबैभन्दा अनौठो विशेषता के भने जिउमा लगाएका यी कपडा खान पनि सकिन्छ ।

उत्तर कोरियाको किम क्लोथिङ्ग अनुसन्धान केन्द्रले ती अनौठा कपडाको उत्पादन गरेको हो । फ्लेन लेट फ्याब्रिक्सबाट यी कपडा बनाइएको छ । कपडा बनाइएको रेशामा फ्याब्रिक प्रोटिन, एमिनो एसिड, फलफूलको जुस, आइरन तथा क्याल्सियम प्रयोग गरिएको हुन्छ । त्यसैले त्यो कपडालाई सहजै खान सकिन्छ । कपडा पौष्टिक हुनुका साथै स्वादिष्ट पनि रहेको छ । खासगरी भोकमरीको अवस्थामा खाएर प्राण धान्न मिल्ने योजनाका साथ उत्तर कोरियाले यस्ता कपडा विकास गरेको बताइएको छ ।

### अब "बहिनी दिवस"

फेब्रुअरी १४ का दिन प्रणय दिवस अर्थात् भ्यालेन्टाइन्स डे मनाइन्छ । तर, पाकिस्तानको एक विश्वविद्यालयले चाहीँ उक्त दिन प्रणय दिवसको साटो भगिनी दिवस मनाउने घोषणा गरेको छ । इस्लामिक परम्परा तथा संस्कृतिलाई बढावा दिनका लागि भन्दै हरेक वर्ष फेब्रुअरी १४ मा सिस्टर्स डे मनाउने फैसला गरेको हो ।

फैसलावादस्थित कृषि विश्वविद्यालयले यस्तो निर्णय गरेको विश्वविद्यालयका उप कुलपतिले जानकारी दिएका छन् । विश्वविद्यालयले भगिनी दिवसको दिन छात्राहरुलाई स्कार्फ तथा कपडाहरु उपहारको रुपमा दिन सकिने नियम पनि तय गरेको छ ।

विश्वविद्यालयका अनुसार यस्तो दिवस मनाउनु पाकिस्तानको हीत तथा इस्लाम कानून मुताविक छ । तर विश्वविद्यालयले घोषणा गरेको भगिनी दिवस कत्तिको सफल होला ? त्यो चाहीँ समयले नै देखाउला । स्मरण रहोस् सन् २०१७ मा इस्लामावाद उच्च अदालतले एक आदेश जारी गर्दै भ्यालेन्टाइन्स डे माथि प्रतिबन्ध लगाएको थियो । प्रणय दिवस मनाउन मात्र होइन यस सम्बन्धी समाचार तथा समाग्रीहरु प्रकाशन प्रशारण समेत नगन सञ्चार माध्यमहरुलाई अदालतले आदेश दिएको थियो ।


### बिरामीलाई बियर

रक्सी सेवनले मानिसको कलेजोमा असर गर्दछ भन्ने कुरा सुनिएकै हो । तर भियतनाममा एउटा यस्तो घटना सार्वजनिक भएको छ, जसले सबैलाई तीनछक पारिदिएको छ । घटना अनुसार रक्सी सेवनका कारण मरणासन्न अवस्थामा पुगी उपचारका लागि अस्पतालमा पुगेका एकजना व्यक्तिलाई डाक्टरहरुले बियर पिलाएर निको पारेका छन् । पत्याउनै नसकिने यो घटनाका भुक्तभोगी ४८ वर्षीय गुयेन वेन हाट हुन् । उनको ज्यान बचाउनका लागि डाक्टरहरुले १५ क्यान अर्थात् झण्डै ५ लिटर बियर उनको पेटमा पम्प गरेर पठाएका थिए ।

अल्कोहल प्वाइजनिङ अर्थात् रक्सीको विषाक्तताका कारण उनी सिकिस्त बिरामी परेका थिए । त्यसपछि उनलाई उपचारका लागि अस्पताल लगियो । त्यसपछि डाक्टरहरुले उनलाई उल्टै बियर खुवाएर निको पारे । रक्सी प्वाइजनिङको उपचारमा रक्सीकै प्रयोग कसरी सम्भव हुन्छ ? वास्तवमा बियरमा इथानोल पाइन्छ । इथानोलले मेथानोललाई कम गरिदिन्छ । त्यसैले बियरले कलेजो सफा गरेर विषाक्त पदार्थ तथा संक्रमणलाई हटाउन सहयोग गर्दछ । सोही कारण डाक्टरहरुले ती व्यक्तिलाई उपचारको क्रममा एक एक घण्टाको अन्तरमा बियरको एक एक क्यान गरी पम्प गर्न सुरु गरे ।

प्रेरक

## किसानको छोराको रेलयात्रा



इंग्लयान्डका प्रधानमन्त्री विलियम इवार्ड ग्लाड स्टोन एक साधारण किसानका छोरा थिए । उनी अत्यन्त साधा जीवन व्यतित गर्थे । यहाँसम्म कि उनी आफ्ना लुगा पनि आफैं सफा गर्थे र बिहान बेलुका साइकलमा झोला झुन्ड्याएर तरकारी किन्न निस्कन्थे ।

एक पटक रेलयात्रा गरिरहेका बेला स्टेसनमा एउटा पत्रिकाका सम्पादक उनलाई भेट्न आए । उनको विचार थियो- प्रधानमन्त्री अवश्य पनि पहिलो श्रेणीको डब्बामा बसेका होलान् । त्यसैले उनले पहिलो श्रेणीका तीनवटा डब्बामा खोजे । तर उनी भेटिएनन् । तब पहिलो श्रेणीको एउटा झ्यालमा एउटा महँगो लुगा लगाएको नवयुवक उनले देखे । ती नवयुवकसँग सम्पादकले प्रधानमन्त्रीबारे सोधे- ती युवकले उनलाई जवाफ दिए- उहाँ यो डिब्बामा हुनुहुन्न । उहाँ त दोस्रो डब्बामा हुनुहुन्छ ।

युवकको कुरा सुन्दा ती सम्पादकलाई विश्वास लागेन । उनले भने- उहाँ जस्तो नेता पहिलो डिब्बाको साटो दोस्रो डिब्बामा यात्रा गर्ने कुरा मलाई अलि विश्वास लागेन । ती पत्रकारको कुरा सुनिसकेपछि युवकले भने- मैले झूटो बोलेको होइन । म उहाँको छोरा हुँ । यसपछि सम्पादक दोस्रो डब्बामा गए । त्यहाँ ग्लाड स्टोन सिटमा बसेर पत्रिका पढिरहेका थिए । यो देखेर सम्पादकले सोधे- श्रीमान् तपाईं प्रधानमन्त्री भएर पनि दोस्रो श्रेणीको डब्बामा यात्रा गरिरहनुभएको छ । तर तपाईंको छोरा चाहिँ पहिलो श्रेणीका डब्बामा यात्रा गरिरहेका छन् किन ?

पत्रकार महोदयको कुरा सुनेपछि मुसुक्क मुस्कुराउँदै ग्लाड स्टोनले भने- हेर्नोस् म एउटा सामान्य गरिब किसानको छोरा हुँ । त्यसैले दोस्रो श्रेणीको डब्बामा यात्रा गर्दैछु । ऊ चाहिँ एक प्रधानमन्त्रीको छोरा हो । त्यसैले ऊ पहिलो श्रेणीको डब्बामा यात्रा गर्दैछ । जवाफ सुनेर सम्पादक जिल्ल परे ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आफ्नो क्षेत्रमा अरूले प्रभाव जमाउलान् । परिस्थितिवश आफन्तबाट टाढिनुपर्ने हुन सक्छ । तापनि प्रतीक्षा गरिएको नतिजाले उत्साह जगाउनेछ । पारिवारिक असमझदारीका बाबजुद पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम प्राप्त गर्ने समय छ । काममा प्रतिष्ठित व्यक्तिहरूको सहयोग जुट्नेछ । केही विवादास्पद जिम्मेवारी वहन गर्नुपरे पनि मिहिनेतले लक्ष्यमा पुऱ्याउनेछ ।

### बृष

चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला । अस्वस्थताले लक्ष्यमा पुग्न समस्या पर्नेछ । शुभचिन्तक र प्रतिस्पर्धीलाई समेटेर काम लिनुपर्ने समय छ । योजना पूर्ण नभए पनि आंशिक लाभ अवश्य हुनेछ । सम्भावना देखिए पनि उपलब्धि प्राप्त गर्न समय लाग्नेछ । समस्या दर्साउँदा सहयोगीहरूबाट साथ पाइनेछ । परिस्थिति विचार गरेर मात्र नयाँ काम थालनी गर्नुपर्ला ।

### मिथुन

परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ । अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ । अरूका विषयमा चासो लिँदा आफ्नो काम बिग्रन सक्छ । जीवनशैली व्यस्त रहे पनि काम बिग्रने डरले सताउनेछ । कमजोर नतिजा सच्याउन दोहोर्याएर प्रयत्न गर्नुपर्ला । दौडधुपले कमजोरी अनुभूति हुन सक्छ । अर्थ अभावले पनि मन पिरोलिन सक्छ ।

### कर्कट

लगनशील कार्यशैलीले लक्ष्यमा पुर्याउनेछ । महत्त्वाकांक्षी योजनाले आकस्मिक यात्रा गराउन सक्छ । वादविवादमा अघि नसर्नुहोला । व्यावसायिक काममा आम्दानी बढ्नेछ । मिहिनेतले छोटो समयमा फाइदा दिलाउनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । अतिथिका रूपमा सेवा सत्कार प्राप्त हुनेछ । आम्दानी राम्रो भए पनि नजानिँदो रूपमा खर्च हुनेछ ।

### सिंह

लक्ष्यमा पुग्न अरूका लागि केही कठोर नीति अवलम्बन गर्नुपर्ला । दौडधुप गर्नुपरे पनि पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । काममा आफ्नो श्रम परे पनि प्रतिफलमाथि अरूले राज गर्नेछन् । ठूलाको वचन हार्न नसक्दा दुःख पाइनेछ । ईर्ष्या गर्नेहरूलाई तह लगाउन सकिनेछ । दिगो काममा जग बसाउने मौका छ ।

### कन्या

अरूको मुख ताक्ने बानीले पछि परिनेछ । सम्भावना देखिए पनि उपलब्धि हातपार्न धेरै श्रम गर्नुपर्ला । प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । परिबन्धले समस्या निम्त्याउन सक्छ । परिस्थितिवश चिताएको काममा विलम्ब हुनेछ । अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीसँग जुध्नुपर्नेछ । स्वास्थ्यका लागि खानपानमा अलि सजग रहनुहोला ।

### तुला

अहिलेको फाइदा हेर्दा पछि घाटा हुन सक्छ । साझेदारीमा समस्या आउनाले सम्झौता भंग हुन सक्छ । बेसुरमा आश्वासन दिने बानीले पनि दुःख पाइनेछ । तत्काल योजना सार्वजनिक नगर्नुहोला । काम बिग्रने डरले सताउनेछ । अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझावले फाइदा हुनेछ । दीर्घकालीन महत्त्वका काममा निर्णय लिन हतार नगर्नुहोला ।

### बृश्चिक

नयाँ काममा हात हाल्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदाको योग छ । तर, प्रतिस्पर्धीहरूले सताउन सक्छन् । केही संघर्ष गर्नुपरे पनि राम्रो फाइदा उठाउन सकिनेछ । सहयोगीहरूले हात झिक्नाले केही समस्या भने बढ्न सक्छ । सहयोगको आशा देखाउनेहरूबाट धोका हुन सक्छ, सजग रहनुहोला । व्यावसायिक काममा भने राम्रै लाभ उठाउन सकिनेछ ।

### धनु

समयमा वचन पुर्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन् । बेसुरमा बोल्ने बानीले वादविवाद निम्त्याउन सक्छ । मिहिनेत गरीकन चिताएको मूल्य प्राप्त नहुने देखिन्छ । परिस्थितिको बन्धनले स्वतन्त्रतामा बाधा पुर्याउन सक्छ । अरूको भरपर्दा प्रभावकारी काम नहुन सक्छ । विशेष योजना साँझसम्म सार्वजनिक नगर्नुहोला । नयाँ काम थाल्न केही समय प्रतीक्षा गर्नुपर्ला ।

### मकर

आकर्षक उपहारले उत्साह जगाउनेछ । विशिष्ट व्यक्तिहरूसँग भेटघाट गर्ने मौका छ । बिछोडिएका आफन्तहरू नजिकिनेछन् । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । रोकिएका काम सम्पादन हुने र नयाँ काम पाइने योग छ । तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । पहिलेको सफलताले पनि थप काममा हौसला प्रदान गर्नेछ ।

### कुम्भ

आफ्नाबाट टाढिनुपरे पनि टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । व्यवसायमा लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ । जटिल कामले लोभ्याउनेछ तर खर्च पनि उत्तिकै लाग्न सक्छ । बेसुरमा काम गर्ने बानीले चुनौती निम्त्याउन सक्छ । अवसरका लागि कडा परिश्रम गर्नुपर्ला । देश-विदेशको यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ । छर-छिमेकमा असमझदारी देखिएला ।

### मीन

आँटले काम बन्नेछ भने आम्दानीले उत्साह जगाउनेछ । श्रमको उचित मूल्यांकन हुनाले राम्रै प्रतिफल हातलागी हुनेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । सट्टापट्टा, लेनदेन आदिमा मनग्गे फाइदा हुनेछ । मिहिनेतले लक्ष्यमा पुर्याउनेछ । विभिन्न स्रोत-साधन जुट्नेछन् । व्यापारमा थन्किएका वस्तु बिक्री हुनेछन् र अड्किएको रकम उठ्नेछ । साँझदेखि खर्च बढ्न सक्छ ।

## "मुलको पानी" गीतको भिडियो सार्वजनिक

गायक प्रताप दास र गायिका भावना आचार्यको स्वरमा समावेश 'मुलको पानी' बोलको गीतको भिडियो सार्वजनिक भएको छ । दीपक शर्माको शब्द तथा संगीतमा तयार भएको यो लोकशैलीको गीतले दर्शकको मन पनि जितिरहेको छ ।

यो भिडियोमा मोडल पल शाहलाई देख्न सकिन्छ । पल शाहलाई मोडल निशा पुरीले साथ दिएकी छिन् । भिडियोमा देवेन्द्र पाण्डेको निर्देशन छ भने कोरियोग्राफी पनि उनकै छ । नेपाली फिल्ममा पनि अभिनय गरिरहेका पलले आधुनिक र लोकलयका गीतको म्यूजिक भिडियोमा पनि काम गरिरहेका छन् । प्रताप र भावनाको स्वरले दर्शकलाई बाँधेको छ ।

## आनाको अन्योलपूर्ण यात्रा

सुपरस्टार अनमोल केसीको जोडी भएर काम गरेपछि अभिनेत्रीहरुको भाग्य बल्छ भनिन्छ । ज्वलन्त उदाहरणको रुपमा अभिनेत्री साम्राज्ञी आरएल शाहलाई नै लिन सकिन्छ । 'ड्रिम्स' बाट डेब्यु गरेकी उनी अहिलेकी सर्वाधिक महँगी र डिमान्डेड अभिनेत्री हुन् । उनलाई आफ्नो फिल्ममा लिन निर्माताहरु तानातान गर्ने गर्दछन् । कारण, उनको क्रेज लोभलाग्दो छ ।

अनमोलसँग काम गरेपछि सबैको भाग्य साम्राज्ञीको जसरी चम्किन्छ भन्ने ग्यारेन्टी छैन । फिल्म रिलिजपछि गुमनाम जस्तै भएका अभिनेत्रीहरु पनि छन् । अभिनेत्री अदिती बुढाथोकी एक उदाहरण हुन् । डेब्यु फिल्म 'कृ' बक्सअफिसमा औसत रहेपछि उनलाई लिएर निर्माताहरु जोखिम उठाउन चाहेको देखिँदैन । अहिले उनी मुम्बईमा छिन् ।

अभिनेत्री आना शर्माले पनि अभिनेता अनमोलको दोस्रो फिल्म 'जेरी' बाट अभिनय यात्राको मुहूर्त गरेकी थिइन् । यो फिल्म हिट साबित भयो । अनमोललाई 'स्टार' बनायो । आनालाई सम्भावना बोकेको अभिनेत्रीको रुपमा हेरियो । तर, अहिले उनको फिल्मी यात्रा अन्योलपूर्ण अवस्थामा छ । न राम्रो फिल्म हातमा परेका छन् न गिनेचुनेका ब्यानरको आँखा नै परेको छ ।

उनले डेब्यु फिल्म रिलिजको करीब २ वर्षपछि 'जेरी' निर्देशक हेमराज विसीकै फिल्म 'ग्याङ्गस्टर ब्लूज' मा अभिनेता आशिरमान देशराज जोशीसँग रोमान्स गरिन् । तर, यो फिल्म बक्सअफिसमा 'डिजास्टर' साबित भयो । यस फिल्मको असफलताले उनको भर्खर टुसाउन लागेको करियर टुसामै भाँचियो । अब हातमा फिल्म पर्छ वा पर्दैन भन्नेमा उनी आफैं सशंकित थिइन् ।

अझैसम्म 'अनमोलकी हिरोइन' को ट्यागबाट आफूलाई मुक्त गर्न नसकेकी उनको तेस्रो फिल्म 'द म्यान फ्रम काठमाडौं' आउँदो चैत १ गते प्रदर्शनमा आउँदैछ । यो नेपालमा निर्माण भएको पहिलो अंग्रेजी फिल्म हो । पेमा धोन्डुप निर्देशित फिल्मलाई नकिम उद्दिनले निर्माण गरेका हुन् । उनले फिल्ममा अमेरिकी अभिनेता जोसे म्यानुअलसँग रोमान्स गरेकी छन् ।

## "क्याप्टेन" ट्रेलरको किर्तिमानी रेकर्ड

सुपरस्टार अनमोल केसीको क्रेज पुनः एकपटक प्रमाणित भएको छ । 'कृ' रिलिजपछि स्टारडम कमजोर भएको चर्चालाई उनले गलत साबित गरेका छन् । यसअघि नेपाली फिल्मका ट्रेलरले बनाएका सबै रेकर्ड ध्वस्त पार्दै शुक्रवार दिउँसो युट्युब रिलिज भएको उनी अभिनीत यस वर्षको बहुप्रतिक्षीत फिल्म 'क्याप्टेन' ट्रेलरले युट्युबमा किर्तिमानी रेकर्ड बनाएको छ ।

रिलिजको २४ घण्टामा ट्रेलरलाई ८ लाखभन्दा बढीले हेरिसकेका छन् । आजसम्म कुनै नेपाली फिल्मको ट्रेलरले रिलिजको २४ घण्टामा ८ लाख 'प्लस' भ्यूज बटुल्न सकेका थिएनन् । यसअघि २४ घण्टामा सर्वाधिक भ्यूज पाउने फिल्मको रेकर्ड स्वयं अनमोलको नाममा थियो । उनी अभिनीत फिल्म 'कृ' को ट्रेलरलाई ६ लाखभन्दा बढी पटक हेरिएको थियो ।

'क्याप्टेन' ट्रेलरप्रति हजारौं कमेन्ट सकारात्मक आएका छन् । ट्रेलरलाई युट्युबमा ४२ हजार बढीले लाइक्स गरेका छन् । 'ऐश्वर्य' फेम्ड निर्देशक दीवाकर भट्टराई निर्देशित यस फिल्मले अहिलेसम्मकै सर्वाधिक ओपनिङ कलेक्सनमा रेकर्ड राख्ने अनुमान फिल्म पण्डितहरुको छ । फिल्म फागुन १७ मा रिलिज हुँदैछ ।

फिल्मको ट्रेलरमा खेलाडीमा देशप्रेमको भावना जगाउन भारतसँगको नाकाबन्दी र सीमा द्वन्द्वको विषय उठाइएको छ । फुटबलमा देशलाई गोल्ड मेडल जिताउने अठोट बोकेको एक युवकको जीवनमा आउने अनेकौं उचारचढावमा फिल्म आधारित रहेको ट्रेलरले भन्छ । ट्रेलर हेर्ने सबैले अनमोलको रोमान्टिक र खेलाडी अवतारलाई खुब रुचाएका छन् । फस्टलुक पोस्टरमा देखिएको अनमोलको खेलाडी लुक्स र हालसालै सार्वजनिक भएको 'रहर छ सँगै' बोलको रोमान्टिक गीतले फिल्मको लोभलाग्दो हाइप निर्माण गरिसकेको अवस्थामा सार्वजनिक ट्रेलरले 'क्याप्टेन' प्रति दर्शकमा कौतुहलता र उत्सुकता बढाएको छ । 'अनमोलका फिल्ममा कन्टेन्ट हुँदैनन्' भन्ने आरोपबाट यो फिल्म मुक्त हुने संकेत पनि ट्रेलरले देखाएको छ ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Grievance= समस्या When management did not pay attention to her grievances, she took it to the employee union (व्यवस्थापनले उनको समस्याप्रति चासो नदेखाएको हुँदा उनी आफ्नो समस्या लिएर कर्मचारी संगठनमा पुगिन)

Homespun = घरमा बनेको Homespun clothes are normally coarse (घरमा बनाइएका कपडाहरू सामान्यतया खस्रा हुन्छन)

Inherent = स्वभावैले स्थायी, अपरिवर्तनीय, निहित The power inherent in the office of the President can not be exercised by other (राष्ट्रपतिको कार्यालयमा निहित अधिकार अरु कसैले प्रयोग गर्न सक्तैन)

Longevity = आयु He is already above 100 and is still very proud of his longevity (ऊ १०० वर्ष पुगिसक्यो र अझै ऊ आफ्नो आयुप्रति घमण्ड गर्दछ)

Multifarious = दुई नमिल्ने कुरा Being a housewife and a working lady at the same time is a multifarious duty (एकै साथ घरधन्दा गर्ने महिला हुनु र कामकाजी महिला हुनु दुई नमिल्ने कुरा हुन्)

Nettle = क्रोधित बनाउनु, He never nettles anyone by his remarks (ऊ आफ्ना कुरा गराईले कहिले पनि अरूलाई क्रोधित बनाउँदैन)

Oscillate = तरल रुपमा बाहिर आउनु Now the public opinion has oscillated for and against of constituent assembly (अहिले जनमत संविधानसभाको पक्ष र विपक्ष तरलित हुँदै बाहिर आएको छ)

Probity = नैतिक, भ्रष्ट हुन नसक्ने प्रवृत्ति Probity should be taken for granted if we think of a society free of corruption (भ्रष्टाचाररहित समाजको सृजना गर्ने हो भने नैतिकतालाई महत्व र मान्यता दिनुपर्दछ)

Quadruped= चारखुट्टे Most of the animals are quadrupeds (धेरैजसो जनावरहरू चारखुट्टे हुन्छन्)

Ruddy = रातो पिरो His ruddy face proves his healthyness (उसको रातो पिरो अनुहारले ऊ स्वस्थ छ भन्ने प्रमाणित गर्दछ)

## साधारणसभा सम्पन्न

काठमाडौं । अमृताम्भ वचत तथा ऋण सहकारी संस्थाको १०औं वार्षिक साधारण सभा स्वयम्भू भगवान पाउमा वरिष्ठ समाजसेवी, कम्प्युटर विज्ञ एवं बुद्धिजीवी हरिगोपाल श्रेष्ठको प्रमुख आतिथ्यमा संस्थाका अध्यक्ष नवराज श्रेष्ठको सभापतित्वमा सम्पन्न भएको छ । प्रमुख अतिथि हरिगोपाल श्रेष्ठबाट पानसमा दिप प्रज्वलन गरी दशौं बार्षिक साधारणसभाको उद्घाटन गरिएको सो कार्यक्रममा संस्थापक अध्यक्ष रोशनकृष्ण रंजितकारबाट संस्था स्थापना कालको अवस्थादेखि वर्तमान समयसम्मको अवस्थाबारे प्रकाश पारिएको थियो । राष्ट्रिय समाज सुधार संस्थाका संस्थापक तथा कोषाध्यक्ष रोशनकृष्ण रंजितकारले २०५१ सालमा यस क्षेत्रमा वित्तीय संस्था खोल्ने अवधारणा अनुसार स्थापना गरिएको चर्चा गर्नु भयो ।

प्रमुख अतिथि हरिगोपाल श्रेष्ठले २७००० सहकारी संस्थामध्ये यो संस्थाले समाजमा धेरै छाप पार्न सकेकोमा प्रसन्नता व्यक्त गर्दै केही वर्षमा नै संस्थाले आफ्नै जग्गामा संस्थाको भवन निर्माण गरी सहकारी सेवा विस्तार गर्न सकोस भनी शुभकामना व्यक्त गर्नु भयो । सो सभाले अध्यक्ष नवराज श्रेष्ठबाट प्रस्तुत गरेको प्रतिवेदन, आ.ब. २०७४।२०७५ को लेखा परिक्षण प्रतिवेदन पारित गरेको थियो ।

## 'पर्यटन समृद्धिको आधार'

काठमाडौं । आइएमई ग्रुपका अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष चन्द्रप्रसाद ढकालले पर्यटन नै सुदूरपश्चिम समृद्धिको आधार भएको बताउनुभएको छ । कैलाली उद्योग वाणिज्य संघले आयोजना गरेको सुदुरपश्चिम महोत्सवलाई सोमबार धनगढीमा सम्बोधन गर्दै अध्यक्ष ढकालले उक्त कुरा उल्लेख गर्नुभएको हो । प्रदेश नम्बर ७ (सुदूर पश्चिम प्रदेश) का माननीय मुख्यमन्त्री त्रिलोचन भट्टको प्रमुख अथित्यमा सम्पन्न उद्घाटन सत्रलाई प्रदेशका माननीय मन्त्रीहरू, स्थानीय जनप्रतिनिधिहरु लगायत राजनीतिक दलका प्रतिनिधि तथा स्थानीय उद्योगी व्यवसायीहरुले सम्बोधन गर्नुभएको थियो ।

कार्यकमलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले स्थानीय स्तरमा आयोजना गर्ने यस्ता मेलामहोत्सवले स्थानीय उत्पादनलाई चिनाउन महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै सुदूरपश्चिमका विद्यमान सम्भावनालाई अधिकतम उपयोग गर्न नेपालको निजी क्षेत्र तीनै तहका सरकारसँग सहकार्य गर्न तयार रहेको कुरा दोहोऱ्याउनुभयो । सुदूरपश्चिम क्षेत्र दक्षिणी छिमेकी मित्रराष्ट्र भारतको सिमानासँग धेरै नजिक रहेकाले यहाँ उत्पादन हुने बस्तुहरुलाई अन्तर्राष्ट्रिय बजारसम्म निर्यात गर्न समेत तुलनात्मक सहज रहेको कुरा उल्लेख गर्नुभयो ।

## Make बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Make the party = भोजमा आउनु I tried to make your party yesterday but I could not हिजो तिम्रो भोजमा आउन कोसिस गरेको थिएँ तर सकिन ।

Make the team = दरो उपस्थिति जनाउनु This time Nepal will certianly make the team in Asian Games यसपालि नेपालले एसियन खेलकुदमा दरो उपस्थिति जनाउँछ ।

Make front page = पहिलो पानामै ठाउँ पाउनु Her story of real struggle made front page of the national dailies उनको संघर्षको कथाले सबै राष्ट्रिय दैनिक पत्रिकाको पहिलो पानामै ठाउँ पायो ।

Make an offer = सित्तैमा गराउँछु वा दिन्छु भन्नु He made me an offer of Thailand tour but I denied उसले मलाई थाइलैण्डको भम्रण सित्तै गराउँछु भन्यो तर मैले मानिन ।

Make a proposal = प्रस्ताव गर्नु I do not think that she will make you a proposal तिनले तिमीलाई केही कुरा प्रस्ताव गर्लिन् भन्ने मलाई लाग्दैन ।

Make a bid for = को लागि बढाबढ गर्नु I made a bid for antique painting मैले पुरानो पेन्टिङको लागि बढाबढ गरें ।

Make a meal = खानालाई रौनक बनाउनु A good wine can make a meal एक राम्रो रक्सीले खानालाई रौनक बनाउँछ ।

Make a holiday = विदाको दिनलाई रमाइलो बनाउनु A good weather makes a holiday राम्रो मौसमले विदाको दिनलाई राम्रो बनाउँछ ।

Make full of fun = आनन्दित बनाउनु Two nighthalts in Pokhara can really make full of fun पोखरामा दुई रात ज्यादै आनन्दित बन्न सक्छ ।

## सुडोकु-अंक १३७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | | | | | | | ७ | |
| | | | | ९ | ३ | | | |
| | | | १ | | | ४ | २ | |
| ७ | ३ | | | ८ | | | | |
| ४ | ८ | | | २ | | | ६ | ७ |
| | | | | ७ | | | ३ | ८ |
| | १ | ३ | | | ८ | | | |
| | | | ६ | ३ | | | | |
| | २ | | | | | | | ९ |

## अंक १३६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | १ | ३ | २ | ८ | ९ | ४ | ५ | ७ |
| ७ | २ | ९ | ३ | ४ | ५ | ८ | १ | ६ |
| ४ | ५ | ८ | ७ | १ | ६ | २ | ९ | ३ |
| २ | ७ | ५ | ८ | ९ | ३ | १ | ६ | ४ |
| ८ | ३ | ६ | ४ | २ | १ | ५ | ७ | ९ |
| ९ | ४ | १ | ६ | ५ | ७ | ३ | २ | ८ |
| ३ | ८ | ७ | ५ | ६ | २ | ९ | ४ | १ |
| १ | ६ | २ | ९ | ३ | ४ | ७ | ८ | ५ |
| ५ | ९ | ४ | १ | ७ | ८ | ६ | ३ | २ |

# हिन्द प्रशान्त रणनीति र विआर आइको खिचातानीमा नेपाल

**सुधा कार्ली**





सोभियत संघ र समाजवादको पूर्वी युरोपमा भएको पतनसँगै नेपाललाई भारतीय चस्माले हेर्ने अमेरिकी रणनीति शुरु भएको हो । ६० को दशकमा जब इन्दिरा गान्धीले तत्कालिन सोभियत संघ सैनिक सम्झौता गरिन् अनि त्यसैको बलमा उनले पाकिस्तानलाई टुक्र्याएर बंगलादेश बनाइन् अनि सिक्किमलाई भारतमा गाभिन् तबमात्र भियतनाम युद्धको हार बिर्सेर दक्षिण एसियामा सोभियत प्रभाव रोक्न तत्कालिन अमेरिकी राष्ट्रपति निक्सन चीन आएर अध्यक्ष माओसँग हात मिलाउन आइपुगे । भारतीय दादागिरीबाट त्रसित राजा वीरेन्द्रले आफ्नो राज्याभिषेकको अवसरमा राखेको शान्तिक्षेत्रको प्रस्तावको समर्थन गर्ने चीन पहिलो राष्ट्र भयो र कालान्तरमा अमेरिकाले पनि यसलाई समर्थन गऱ्यो र सोभियत संघ उक्त प्रस्तावको समर्थन गर्ने पहिलो राष्ट्र भए तापनि भारतको निर्देशनमा उसले समर्थन फिर्ता लिएपछि वीरेन्द्रको शासनकालभरी नेपाललाई अमेरिकाले भारतीय चस्माबाट हेर्न छोडेको थियो ।

दक्षिण एसियामा सोभियत प्रभाव रोक्न अमेरिका जे गर्न पनि तयार भएको मौकामा नेपाली माटोलाई प्रयोग गरी स्वतन्त्र तिब्बत बनाउन प्रेरित खम्पा विद्रोहलाई सैनिक कारवाही गरी निस्तेज पार्न राजा वीरेन्द्र सफल भएका थिए । यसै कारण उनको कुटनीतिक क्षमता दक्षिण एसियामै अब्बल सावित भएको थियो । राजा वीरेन्द्रको व्यक्तित्व र ज्ञानको अगाडि भारतीय प्रधानमन्त्री राजीव गान्धी दुधे बालक सावित भएका थिए । झन् त्यसमाथि अति कम विकसित राष्ट्रको नेताको रुपमा राजा वीरेन्द्रले पेरिस सम्मेलनलाई सम्वोधन गर्ने अवसर पाउनुले उनी दक्षिण एसियाको मात्र नभई विश्वको नेतामा गणना हुन थालिसकेका थिए । नेपालमा सक्षम राजतन्त्र रहुञ्जेल नेपाललाई सिक्किम बनाउने आफ्नो रणनीति असफल हुने देखेर नै भारत र यसको गुप्तचर संस्था रअ नेपालबाट राजतन्त्रलाई उखेल्ने आफ्नो ग्राण्ड डिजाइनमा शुरुदेखि नै लागि परेको थियो । सोभियत संघ र पूर्वी युरोपको समाजवादको पतन हुनु अनि ठिक त्यसको विपरीत समाजवादी चीनले आर्थिक, व्यापारिक, सामरिक अनि सूचना प्रविधि क्षेत्रमा गरेको प्रगतिको कारण चीनको व्यापार नाफाले ४० खरब डलर नाघ्नुको कारण चीन अमेरिकी शत्रुता विस्तारै बढ्न शुरु हुन थाल्यो । अब चीनलाई पनि सोभियत संघ जस्तै पतन गराउन नसके आफ्नो महाशक्तिको पगरी खोसिने देखेर अमेरिकाले चीन विखण्डनको नया रणनीति अवलम्बन गऱ्यो । यसमा उसले हिजोको वैरी भारत, समस्त पश्चिम युरोपेली राष्ट्र, अष्ट्रेलिया, क्यानडा अनि जापानलाई आफ्नो पक्षमा पारी चीनबाट तिब्बत, हङकङ, मकाव विखण्डन गर्ने अनि ताइवानलाई स्वतन्त्र देशको रुपमा विश्व राजनीतिमा स्थापित गर्ने नयाँ रणनीति अख्तियार गऱ्यो । तिब्बत स्वतन्त्र गराउन नेपाललाई आफ्नो पक्षमा ल्याउनु अमेरिकाको लागि अत्यावश्यक भएको हुँदा उसले नेपाललाई भारतीय चस्माबाट हेर्न शुरु गऱ्यो ।

चीन पनि के कम ? अमेरिकालाई चुनौति दिन एकातर्फ अमेरिकी लगानीमा बनेको विश्वबैंक र जापानी लगानीमा बनेको एसियाली विकास बैंकलाई परास्त गर्न एकातर्फ पूर्वाधार विकास बैंक खडा गरी अतिकम विकसित राष्ट्र तथा विकाशसील राष्ट्रहरुलाई सस्तो ब्याजदरमा ऋण दिने र अर्कोतर्फ समस्त अति कम विकशित र विकाशसील राष्ट्रको आर्थिक विकासलाई सहयोग पुऱ्याउन वेल्ट रोड इनिसिएटिभ (विआरआई) परियोजना शुरु गरिदियो । नेपालमा संविधान सभाले बनाएको संविधानले नेपाललाई सिक्किम बनाउने भारतीय रणनीतिलाई खुला चुनौति दिएको देखेर भारतले उक्त संविधानको विरोध गर्दै नेपालमाथि आर्थिक नाकाबन्दी लगायो । यस नाकाबन्दीको चीनबाहेक संसारका कुनै पनि शक्तिशाली राष्ट्रले विरोध गरेनन् । बल्की चीनले सित्तैमा नेपाललाई हजारौ ब्यारेल तेल दिएर गुणमात्रै लगाएन बल्की नेपालसँग नयाँ ब्यापार तथा पारवहन सम्झौता गरी चीनका बन्दरगाहहरु नेपालले प्रयोग गर्न पाउने, सो सुविधालाई यथार्थमा परिणत गर्न नेपालको उत्तरमा रहेका चीनसँगका नाकाहरु अधिकतम रुपमा खोल्ने अनि सम्भव भएसम्म चाँडो केरुङ हुँदै चिनिया रेल नेपाल ल्याउने सन्दर्भमा नेपाललाई विआरआई परियोजनामा सामेल गर्ने निर्णय गरेबमोजिम सो सम्बन्धमा नेपाल चीनबीच सम्झौता हुनुले भारत अमेरिकी क्याम्पमा कोलाहल मात्रै भएन बल्की मोदीको नेपाल नीति असफल भयो, चीन नेपालको पोल्टामा गयो भन्दै भारतमै विपक्षी दलहरुले मोदी सरकारको कडा आलोचना गरेपछि भारतले नेपालमाथिको नाकाबन्दी खुलाउन बाध्य भयो ।

तत्पश्चात् भारत अमेरिकी पछिल्लो कुटनीति भनेको नेपाललाई चीनको क्याम्प याने विआरआई परियोजनाबाट बाहिर निकालेर अमेरिकी परियोजना याने इण्डो प्यासिफिक रणनीतिमा सामेल गराउनु रहेको छ । यसै क्रममा अमेरिकी अधिकारीहरुले हालै नेपाललाई राष्ट्रपति ट्रम्पद्वारा अघि समरिएको हिन्द प्रशान्त रणनीतिमा सामेल गराउनु उनीहरुको महत्वाकांक्षा रहेको बताएका छन् । उनीहरुको यो अभिव्यक्ति त्यतिबेला बाहिर आयो जुन बेला नेपालका परराष्ट्रमन्त्री ज्ञवाली अमेरिकाको औपचारिक भ्रमणमा थिए । ज्ञवालीका समकक्षी अमेरिकी विदेश मन्त्री मिखायल पोम्पेओसँगको भेटमा जारी गरिएको विज्ञप्तिमा अमेरिकी विदेश विभागका उपप्रवक्ता रोवेर्ट पाल्लादिनोले यस हिन्द प्रशान्त रणनीतिमा नेपालको केन्द्रीय भूमिका रहने स्पष्ट गरेका छन् । जसले गर्दा अब नेपालको आर्थिक सामाजिक विकासले ठूलो गति लिने उनीहरुको भनाइ छ । अर्कोतर्फ चीनसँगको विआरआई परियोजनामा हस्ताक्षर गरिसकेको नेपालले भने दुई विदेश मन्त्रीको भेटघाटको अवसरमा हिन्द प्रशान्त रणनीतिमा नेपाल सामेल हुनेबारे नेपालले कुनै निर्णय नगरेको वासिङगटनस्थित नेपाली दुतावासले जनाएको छ । दुतावासले भेटको अवसरमा दशकौं लामो नेपाल अमेरिकी सम्बन्धलाई अझ गाढा बनाउने विषयमा मात्र दुई विदेशमन्त्री बीचको कुरा सीमित भएको जनाएको छ ।

अर्कोतिर नेपालले विगतको दुई महाशक्ति अमेरिका र सोभियत संघबीच चलेको शितयुद्धको अवस्थामा समेत सफल असंलग्न परराष्ट्र नीति अंगालेर दुवै खेमासँग सुमधुर सम्बन्ध कायम गरी नेपालको आर्थिक सामाजिक विकासमा उनीहरुको सहयोगलाई परिचालन गर्न सकेको सम्झना गर्दै नेपालले अहिले पनि चीनको विआरआई परियोजना र अमेरिकाको इण्डो प्यासिफिक रणनीतिमा होसियारपूर्वक सामेल हुनुपर्दछ र दुवै परियोजनाबाट अधिकतम लाभ लिनुपर्दछ भन्ने विदेश सम्बन्धका विशेषज्ञहरु बताउँछन् । उनीहरु के पनि भन्छन् भने अमेरिका र चीन नेपाललाई आआफनो रणनीतिक परियोजनामा सामेल गर्न हत्ते हाल्नुले नेपालको अन्तर्राष्ट्रिय महत्व झनै बढेको बताउँछन् । तर के यसले नेपालको आन्तरिक राजनीति, सुरक्षा र असंलग्नतालाई विवादमा ल्याई नेपाल अन्तर्राष्ट्रिय र क्षेत्रीय शक्तिहरुको कुरुक्षेत्र बन्ने त होइन भन्ने प्रश्न पनि सँगसँगै उठेको छ । यस्तै प्रसंगमा राजा वीरेन्द्रको पालामा उठेको र त्यसलाई बुद्धिमता ढंगबाट समाधान गर्नै भनेर उनले नेपालको शान्तिक्षेत्रको प्रस्ताव अघि सारेका थिए । तर बहुदलिय प्रजातन्त्र देशमा बहाली गर्ने नाममा भारतीय एजेन्टहरुको बहुमत रहेको नेपाली राजनीतिक दलहरुले सो प्रस्तावको महत्व नबुझ्दा विश्वका ११६ राष्ट्रले अनुमोदन गरेको शान्तिक्षेत्रको प्रस्ताव बेवारिसे मात्रै भएन बल्की राजा वीरेन्द्रको वंश विनाश हुँदै नेपालबाट राजतन्त्रको जरा समेत उखेलियो ।



अहिले फेरि चीनको विआरआई परियोजना र अमेरिका हिन्द प्रशान्त परियोजनामा नेपालको संलग्नतालाई अघि सारेर महाशक्तिहरुले शुरु गरेको नयाँ होडबाजीले नेपालको स्वतन्त्र अस्तित्वलाई कहाँ पुऱ्याउने हो थाहा छैन । भनेजुयलाको आन्तरिक मामलामा अमेरिकाले हस्तक्षेप गरेको भन्दै सत्तारुढ डवल नेकपाको अध्यक्ष प्रचण्डले विज्ञप्ति जारी गर्नु र त्यस विज्ञप्ति आधिकारिक हो कि होइन भनेर सरकारलाई अमेरिकी दुतावासले ऱ्याख्र्याख्ती पार्नु अनि प्रचण्डले मलाई विवादमा फसाइयो भन्नुले हाम्रो परराष्ट्र नीति कति कमजोर भइसकेको छ भन्ने कुरा सावित भइसकेको छ । एउटा जावो विज्ञप्तिको कुरामा त स्पष्ट हुन नसक्ने सरकारले के नेपालको असंलग्न परराष्ट्र नीति संचालन गर्न सक्छ भन्ने शंका पनि उठेको छ ।

नेपाल सरकारले आफ्नो अवस्था र स्थितिको स्पष्ट जानकारी दिन नसकेकै अवस्था झन् अघि बढेर अमेरिकी अधिकारीहरुले नेपाल सार्क र विमिष्टेक सक्रिय सदस्य रहेको र यी दुवै क्षेत्रीय संगठनहरुमा दक्षिण एसिया र प्रशान्त क्षेत्रका राष्ट्रहरुको मात्रै संलग्नता रही चीन बाहिर रहेको स्पष्ट हुँदाहुँदै नेपाल कसरी हिन्द प्रशान्त रणनीतिबाट बाहिर बस्न सक्छ ? भने पनि नभने पनि नेपाल स्वतः यस रणनीतिभित्र पर्दछ भनेर ठोकुवा गरेको अवस्था छ । अमेरिकीहरुको के पनि भनाइ रहेको छ भने हिन्द प्रशान्त रणनीतिलाई ब्यवहारमा उतार्न आवश्यक रकम जसरी विश्वब्यापी रुपमा उठाइन्छ त्यो खर्च संयुक्त राष्ट्रसंघको अधिनमा रहेको शान्तिसेनालाई अझ सवल बनाउन गरिने र संयुक्त राष्ट्र संघीय शान्ति सेनामा नेपाली सेना संलग्न भएको कारण नेपाल स्वतः हिन्द प्रशान्त रणनीतिको पक्ष राष्ट्र भएको छ र नेपालले यसलाई कुनै हालतमा नकार्न नसक्ने हुँदा चीनको विआरआई परियोजनामा नेपालको संलग्नता देखावटीमात्रै सावित हुने र अमेरिकासँगको नेपालको सम्बन्ध झनै गहिरो हुने उनीहरु विश्वास गर्दछन् ।

देशमा वामपन्थीको दुई तिहाईको सरकार भएको र उनीहरु स्वभावैले अमेरिकी साम्राज्यवादको विरोधी हुने भएको कारण हिन्द प्रशान्त रणनीतिमा लाग्नु भनेको उनीहरुको विचारधाराको ठीक उल्टो हो तर यसो भनिरहँदा अमेरिकासँगको सम्बन्धलाई पनि नकार्न नसकिने अवस्थामा नेपाल रहेको कुरा ज्ञवालीले आफ्नो भ्रमणताका अमेरिकी पक्षसँग नेपालको लागि अमेरिकी समुद्रपार विकास सहयोग पुनः शुरु गर्न गरेको अनुरोध, ७७ नेपाली वस्तुलाई विनाभन्सार अमेरिकी बजारमा छिर्न दिएको कारण अमेरिकी सरकारलाई परराष्ट्रमन्त्री ज्ञवालीले दिएको धन्यवाद र त्यस परिप्रेक्ष्यमा अमेरिकाको आफ्नो भ्रमण सफल रहेको भनेर मन्त्री ज्ञवालीले गरेको ठोकुवाले कतै नेपालले चीनलाई धोका दिन लागेको त होइन भन्ने प्रश्न पनि आमरुपमा उठेको छ ।

त्यसको ठीक विपरीत गएर कोटेश्वर कंलकी सडक उद्घाटनको अवसरमा बोल्दै प्रधानमन्त्री ओलीले चीन जस्तो घनिष्ट र सहयोगी मित्र नेपालको अरु कुनै राष्ट्र नभएको ठोकुवा गर्नुले डवल नेकपाको सरकार देशभित्र जति विवादित छ, देश बाहिर पनि त्यति नै विवादित रहेको र असंलग्न परराष्ट्र नीति संचालन गर्न असक्षम भएको प्रमाणित गर्दछ । अमेरिकी नेतृत्वमा चल्ने हिन्द प्रशान्त रणनीतिका अन्य सहयोगी देशहरुमा भारत, जापान, अष्ट्रेलिया रहेको र यिनीहरुको मुख्य ध्येय नै चीनको विआरआई परियोजनालाई चुनौति दिनु रहेकोले नेपालले जे भने पनि यो हिन्द महासागर र प्रशान्त महासागरीय देशहरुमा बढी परनिर्भर रहेको हुँदा ब्यवहारिक रुपमा नै नेपाल यस रणनीतिमा पर्ने उनीहरुको दाबी छ । गत नोभेम्बर महिनामा पराराष्ट्र मन्त्रीले जापान भ्रमण गरी ५३० मिलियन एनको सहयोगको प्रतिबद्धता, नेपाली युवायुवतीलाई जापानमा रोजगारको अवसर सिर्जना गरेको र जनवरी महिनामा जापानको परराष्ट्रमन्त्रीले नेपाल भ्रमण गरी आफ्ना नेपाली समकक्षी प्रदीप ज्ञवालीलाई नयाँ दिल्लीमा जनवरी महिनाको तेस्रो हप्तामा भएको राइसिला डायलगमा भाग लिन अनुरोध गरेको परिप्रेक्ष्यमा जापान पनि नेपाल हिन्द प्रशान्त रणनीतिमा सामेल होस् भन्ने चाहन्छ भन्ने बुझिएको पर्यवक्षकहरु बताउँछन् । राइसिना डायलगमा नेपालले सन २०१६ देखि नै परराष्ट्र मन्त्री र सचिवस्तर सहभागीता जनाउँदै आएको छ । यस डाइलगलाई हिन्द प्रशान्त रणनीतिको थिंक टैंकको रुपमा लिइने गरिन्छ ।




**२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरू**

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचारपत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झूटा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नुपर्ने ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## वाइडबडी...

मुछिएपछि सरकारले पूर्वन्यायाधीशको संयोजकत्वमा न्यायिक समिति गठन गरेर संसदीय समितिको निष्कर्षलाई ओझेलमा पार्ने प्रयास गरियो । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले निकै जोडतोडका साथ यो विषय उठाइरहेकोमा कांग्रेस सभापति शेरबहादुर देउवाको समेत नाम जोडिएपछि कांग्रेसीजनहरु पछि हटेका छन् ।

## एनसेललाई...

थियो । सर्वोच्च अदालतले एनसेल बिक्रीको पुँजीगत लाभकर आक्जियटा र एनसेल कम्पनीबाटै असुल गर्नुपर्ने फैसला गत बुधबार गरेको छ । सर्वोच्चका प्रधान न्यायाधीश चोलेन्द्रशमशेर राणासहित ५ जना न्यायाधीशको इजलासले यस्तो आदेश दिएपछि एनसेल कम्पनीले सरकारलाई राजस्व र जरिमानासहित ६१ अर्बभन्दा बढी रकम तिर्नुपर्ने भएको छ ।

२०७२ साल पुस ७ गते एनसेलका शेयर होल्डर 'रेनोल्ड होल्डिङस्को ८० प्रतिशत शेयर 'टेलियासोनेरा नर्वे नेपाल होल्डिङस्ले मलेसियन कम्पनी आक्जिएटालाई बिक्री गरेको थियो । त्यसैगरी स्थानीय शेयर होल्डर निरञ्जन गोविन्द श्रेष्ठको २० प्रतिशत शेयर पनि बिक्री भएको थियो । करिब १ खर्ब ४० अर्बको उक्त कारोबारको करिब ३६ अर्ब रुपैयाँ लाभकर सरकारलाई तिर्नुपर्ने थियो । अदालतको फैसलासँगै अब एनसेल आक्जिएटाले विलम्ब शुल्कसहित झन्डै ६१ अर्ब रकम सरकारलाई तिर्नुपर्ने हुन्छ ।

सर्वोच्चले गरेको यो ऐतिहासिक फैसलालाई जनताले स्वागत गरेका छन् । पैसाको लोभमा देशलाई घाटा पुऱ्याएर न्याय बेच्ने न्यायाधीशहरुको समेत यो फैसलासँगै मुकुन्डो उघ्रिएको छ । अब सर्वोच्चको परमादेश तत्काल कार्यान्वयन गर्न आवश्यक छ ।

## सरकार...

चालु आर्थिक वर्षमा आयात अत्याधिक बढ्न थालेपछि सरकारले व्यापारघाटामा न्यूनीकरण गर्न महँगा र विलासिताका वस्तु आयात गर्न नियन्त्रण गर्ने तयारी थाल्ने भएको छ । स्वदेशमै उत्पादन हुने र उत्पादन हुन सक्ने वस्तुहरुको पनि अत्यधिक आय भएका कारण विदेशी मुद्राको भण्डार रित्तिने खतरा बढेको छ । त्यसैले सरकारले स्वदेशी वस्तु र औद्योगिक उत्पादनलाई प्रोत्साहन गर्ने प्रयास थाल्ने तयारी गरिरहेको छ । सरकारले महँगा विद्युतीय सामग्री, भाँडा वर्तन, महँगा सवारी साधन, मदिरा, फलफूल लगायतका वस्तुको आयातमा नियन्त्रण गर्ने भएको छ । सरकारले आयात नियन्त्रण सम्बन्धमा पनि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक योगेन्द्र गौचनको संयोजकत्वमा समिति गठन गरेको थियो ।

चालू आर्थिक वर्षको ५ महिनामा ६ खर्ब ७ अर्ब रुपैयाँको आयात भएको छ जुन गत वर्षको तुलनामा ३४ प्रतिशतले बढी हो । गत वर्षको सोही अवधिमा चार अर्ब ५३ करोडको आयात भएको थियो ।

सरकारले जतिसुकै राम्रा सुझाव प्राप्त गरे पनि ती कार्यान्वयनमा उत्रेनन् भने बेकार हुन्छन् । अहिले भारतबाट अनियन्त्रित रुपमा बासी माछा, तरकारी आयात भएका कारण नेपाली किसानले तरकारी बारी जोतेर नष्ट गर्नु परेको तीतो यथार्थ घामजत्तिकै छर्लंग छ । एउटा गतिलो पाउडर दूध उत्पादन गर्ने कारखानासम्म नहुँदा मिल्क होलिडेका नाममा किसानको दूध डेरीले नकिनेपछि सडकमा पोखेर विरोध गर्ने बाध्यता आइपर्छ । आत्मनिर्भर भएका वस्तु पहिचान गरेर तत्काल आयातमा पूर्ण प्रतिबन्ध लगाइनुपर्छ । त्यसैगरी जनतालाई सादगी सिकाउने काम ठूला मानिसबाटै थालिनुपर्छ । राष्ट्रपतिलाई १८ करोडको गाडी, तल्लो तहका जनप्रतिनिधिलाई समेत ५० लाखभन्दा बढीको गाडी बन्दोबस्त गर्ने सरकारले जनतालाई आफूले कमाएको पैसाले महँगो गाडी नकिन भन्ने हिम्मत कसरी गर्छ ? डा.बाबुराम भट्टराईले सिम्बोलिक रुपमै भए पनि मुस्ताङ म्याक्स गाडी चढेर देखाएका थिए । भनाइ नै छ नि 'बडाले जो गऱ्यो काम हुन्छ त्यो सर्वसम्मत ।' त्यसैले राष्ट्रिय उत्पादनको प्रयोग र सादगीको नमुना माथिबाटै प्रस्तुत हुन आवश्यक छ ।

## क.शम्भुरामको...

शम्भुरामका सिद्धान्त विचारलाई अनुशरण गर्ने कम्युनिस्ट लिगका पूर्व नेता कार्यकर्ता, परिवारका सदस्यहरु तथा शुभेच्छुकहरुलाई नेकपा मालेसँग आबद्ध भएर सहकार्य गर्दै अघि बढ्न समेत आग्रह गर्नुभयो ।

शम्भुरामका अनुयायी पुराना कम्युनिस्ट सूर्यबहादुर नकर्मीले शम्भुरामको सोच र जीवनशैली सच्चा कम्युनिस्ट योग्य रहेको बताउँदै अहिले कम्युनिस्ट नेताहरुले विलासितापूर्ण जीवनशैली र आर्थिक मोहको बाटो रोजेकोमा चिन्ता व्यक्त गर्नुभयो । उहाँले आफ्नो छोरा जनयुद्धको समयमा बेपत्ता भएको अहिलेसम्म थुप्रै कम्युनिस्ट सरकार बने पनि छोराको सास र लास फेला नपरेको र सरकारले बेपत्ता परिवारको जीवनको संवेदनशीलतामा खेलबाड गरिरहेको बताउनुभयो ।

कम्युनिस्ट लिगका सदस्य केशवकृष्ण श्रेष्ठले शम्भुरामको योगदानको चर्चा गर्दै उहाँको सादा जीवन र देशभक्तिपूर्ण सच्चा कम्युनिस्टको व्यवहारको अहिलेको पिँढीले पनि अनुशरण गर्नुपर्छ भन्नुभयो ।

कम्युनिस्ट लिगका सदस्य तथा पुराना पत्रकार गोर्की श्रेष्ठले आफ्नो नाम समेत शम्भुरामले राखिदिएको प्रसंग जोड्दै शम्भुरामसँग बिताएका क्षणहरुको स्मरण गर्नुभयो । शम्भुराम अत्यन्तै इमानदार, लगनशील र ऊर्जावान नेता भएको भन्दै उहाँको अभाव वर्तमान समयमा खड्किरहेको बताउनुभयो ।

संघीय समाजवादी फोरमका सदस्य कृष्ण धोजुले शम्भुराम नीति, सिद्धान्त र विचारमा अडिग नेता रहनुभएको र विचारलाई व्यवहारमा उतार्न सादा जीवन बिताएको बताउँदै वर्तमान कम्युनिस्ट नेताहरु नवधनाढ्य र उपभोक्तावादी संस्कृतिको आहालमा चुर्लुम्म डुबेकाले कम्युनिस्ट आन्दोलन नै विचलनतर्फ गएको बताउनुभयो ।

शम्भुरामकी छोरी मधु श्रेष्ठले शम्भुरामको संक्षिप्त जीवनी प्रस्तुत गर्दै आफ्ना पिता स्वदेशमा मात्र नभएर विदेशमा समेत चिनिएका कम्युनिस्ट नेता रहेको बताउनुभयो । चीनमा गएर माओत्सेतुङसँग भेटघाट गरेको र रुसमा कम्युनिस्टहरुको अन्तर्राष्ट्रिय सम्मेलनमा समेत आफ्ना पिताले भाग लिएको उहाँले बताउनुभयो । घरपरिवारभन्दा माथि उठेर देश, जनता र कम्युनिस्ट आन्दोलनबारे सदा सोच्ने आफ्ना दिवंगत पिताको स्मृति दिवस मनाइदिएकोमा नेकपा मालेलाई मधु श्रेष्ठले हार्दिक धन्यवाद दिनुभएको थियो ।

नेकपा माले काठमाडौंका सचिव तथा केन्द्रीय सदस्य सिद्धि महर्जनको सभापतित्वमा सम्पन्न भएको कार्यक्रमको सञ्चालन अनेरास्ववियु पाँचौंका अध्यक्ष घनश्याम मिश्रले गर्नुभएको थियो भने काठमाडौंका सदस्य उपेन्द्र काफ्लेले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा नेकपा माले स्थायी समिति सदस्यहरु कुमार वेलवासे, डम्बर श्रेष्ठ पोलिट ब्युरो सदस्यहरु निलम केसी, दिनानाथ घिमिरे, सुरेन्द्र ढकालले अतिथिको आसन ग्रहण गर्नुभएको थियो ।

## सहिदकै...

दिवसको अवसर पारेर थप दुई हजार आठ सय सात जनालाई सहिद घोषणा गरेको छ । माओवादी द्वन्द्वकालमा ज्यान गुमाएका नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीलाई सरकारले सहिद घोषणा गरेपछि सहिदको संख्या नौ हजारबाट १२ हजारको हाराहारीमा पुगेको छ । सहिदको संख्या थपिँदै जानुले सहिदकै अवमूल्यन हुने विज्ञहरुको भनाइ छ ।

## अमेरिका हान्ने...

सफल लञ्चले वासिङगटनका नेतालाई सन्देश दिएको बताइएको छ ।

बेइजिङले आफूले अमेरिकी रणनीतिक सम्पत्तिमा खतरा उत्पन्न गर्न सक्ने देखाउन खोजेको छ । क्यारियर र बेसलाई यो मिसाइलले खतरामा पार्न सक्ने अष्ट्रेलियामा रहेको म्यानपावर युनिभर्सिटीका चीन अनुसन्धानकर्मी अडाम नीले बताएका छन् । अमेरिकाभन्दा कयौं गुणा सानो देश उत्तर कोरियाले अमेरिकासम्म मार हान्न सक्ने क्षमताको ब्लास्टिक मिसाइल बनाएर यसअघि अमेरिकालाई तर्साएको थियो ।

## मालेले...

आएको र सो सम्बन्धलाई दुवै देशका जनताको स्तरमा विकास गर्न नेपाल कोरिया मैत्री संघ तथा नेकपा मालेले उल्लेखनीय योगदान पुऱ्याएको बताउँदै आफ्नो कार्यकालमा यो सम्बन्धलाई अझ मजबुत बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । सांसद सुनिल मानन्धरले नेपाली बामपन्थीहरुका आदरणीय नेता सीपी मैनालीको नेतृत्वमा नेपाल र कोरियाली जनताबीचको सम्बन्ध मजबुत भइरहेकोमा आफूलाई ठूलो सन्तोष लागेको र भविष्यमा यो सम्बन्ध झनै विकसित हुने कुरामा आफू विश्वस्त रहेको बताउनु भयो । उक्त अवसरमा कोरियाली क्रान्तिका गीत गाइनुको अतिरिक्त क. सीपी मैनालीद्वारा हस्ताक्षरित कोरियाली सर्वोच्च नेता किम जोङ उनलाई लेखिएको पत्र पोलिट ब्यूरो सदस्य सुरेन्द्र ढकालले समारोहमा पढेर सुनाउनु भएको थियो । नेपाल उत्तर कोरिया मैत्री संघका सचिव फणीन्द्र पन्तले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा नेपाल पत्रकार संघका सभापति डा. मञ्जुरत्न शाक्यले उत्तर कोरियाबारे आफ्नो स्मरण सुनाउनुभएको थियो ।

## भारतसँगको...

Canal, Ditch cum bund निर्माण जस्ता लाखौं सुरक्षाफौज समेत खटाई सुरक्षालाई अत्यधिक कडा गरेको छ । त्यस्तो कडा सीमाबाट पनि भारतीय र पाकिस्तानी आफन्तहरू अवैध घुसपेठ गरी ज्यान जोखिममा पारेर ओहोरदोहोर गरिरहेका छन् ।

नेपालतर्फको भारतको खुला सिमानामा भने भारतले कहिले पनि नियन्त्रण गर्ने प्रयास गरेन । खाली यसलाई सजिलैसँग घुसपेठ गर्ने हतियारको रूपमा मात्रै प्रयोग गरेको पाइन्छ । भारतले नियन्त्रण गरे पनि नेपालीलाई दुःख दिने नियतले मात्र गरेको देखिन्छ जुन २०४६ सालमा नेपाललाई नाकाबन्दी गर्नलाई गरेको थियो । चोरी निकासी र अवैध व्यापार गर्नका लागि खुला सिमाना स्वर्ग भएको छ । उनीहरू सानोतिनो सीप भएका र नभएका मानिसले कुनै न कुनै रूपमा आयमूलक काम गरेर पनि भारतीयहरूले आफ्नो जीविका चलाएकै छन् । नभए चोरी ठगी गरेर भए पनि नेपालतर्फ छिरी पेट भर्ने काम गरिरहेका छन् ।

यही खुला सिमानाबाट केही वर्ष अघिसम्म भारतको सबभन्दा गरिब र क्रिमिनलहरूको राज्य भनेर चिनिने बिहारले आजभोलि विकासको गति लिन थाले पनि त्यहाँबाट आउने भिखमागा, डाँका, लुटेरा, हत्यारा, आतंककारीहरू र अपहरणकारीहरूको लागि यो खुला सिमानाले उनीहरूको कार्यलाई सजिलो पारिदिएको छ । अझ भारतले नेपाललाई बेलामौकामा आईएसआई (पाकिस्तानी जासुसी संस्था) लाई संरक्षण दिई भारत आउन सजिलो पारिदियो भन्ने दोष लगाउँछ तर खुला सिमाना नियन्त्रण गर्ने कुरा कहिल्यै गर्दैन ।

दिनमा हजारौं थरीका व्यापारिक सामान राजस्व नतिरी खुला सिमानाको उपयोग गर्दै प्रहरी, प्रशासन र स्थानीय तस्करको आडमा नेपाल भित्रिरहेका छन् । यसबाट अरबौं रुपियाँको राजस्व चुहावट भइरहेको छ । अहिले त तस्करीको सामानसँगै गोली बमबारुद पनि त्यतिकै मात्रामा भित्रिरहेको खबरहरूमा सुन्न पाइन्छ । खुला सिमानाबाट तस्कर सम्बन्धित भन्सार, प्रहरी, प्रशासन र तिनका हाकिमहरूका नयाँ भवन बन्नेबाहेक नेपाली जनतालाई केही फाइदा छैन । तैपनि सरकार, राजनीतिक पार्टी, स्थानीय प्रशासन कसैले पनि सीमा नियन्त्रण गर्ने कुरासम्म गर्दैन या गर्ने आँट पनि गर्दैनन् ।

उता भारतले किन गर्छ ? जसले बेला मौकामा आफ्ना सुरक्षाका अंगहरूलाई हतियारसहित नेपालको राजधानी काठमाडौंसम्म पुऱ्याई मानिस पक्रने, धम्क्याउने, मार्नेसम्म गर्न पाइरहेका छन् । यसबाट प्रत्येक स्वाभिमानी नेपालीलाई आफ्नो सुरक्षामा खतराको महसुस हुन्छ । १९५० को सन्धिको आडमा भारतीयहरू बिना रोकटोक आइरहेका छन् । त्यस्ता विभिन्न थरीका अनरिकर्डेड मानिसहरू चाप बढ्न गई सुरक्षामा पनि ज्यादै ठूलो खतरा पनि भइरहेको छ । केही प्रतिशत नेपाली भारतमा कामको खोजीमा गएर उसलाई केही फरक नपर्ला तर उसका केही प्रतिशत मानिस नेपालमा आउँदा सानो देश नेपाललाई कति फरक पर्दछ यो हामी सबैले बुझ्केकै हुनुपर्छ । बेला मौकामा भारतीयहरू यही खुला सिमानाबाट नेपाल छिरी सीमा अतिक्रमण, लुटपाट, हत्या, अपहरण, डकैतीका घट्नाहरू गरिरहेका छन् । भारत नेपालतर्फका सिमाना व्यवस्थापन गर्न चाहँदैन किनभने यसको प्रत्यक्ष असर नेपाललाई मात्र छ ।

तराईको सुरक्षाका लागि सुरक्षा निकायले बारम्बार नयाँ नयाँ सुरक्षा योजना बनाई कार्यान्वयन गरे पनि त्यहाँ हुने अपराधका घटनाहरू नियन्त्रण हुन सकेका छैनन् र हुन पनि सक्दैनन् । जबसम्म हाम्रो तराईको सिमाना पूरा नियन्त्रण हुँदैन । त्यसका लागि आवश्यक विभिन्न नाकाहरू बनाई मजबुत तारको बार राखी सीमा नियन्त्रित गर्न आवश्यक छ । नत्र यस्तै क्रम बढेर एकदिन नेपाल पनि फिजी जस्तै बन्न बेर छैन । अनि नेपालीभन्दा भारतीयको संख्या बढेर नेपालजस्तो सार्वभौम सम्पन्न राष्ट्रलाई अप्ठेरो स्थिति आउन सक्छ ।

गणतन्त्र आएपछि जुन किसिमले लाखौंलाख भारतीयहरूलाई गिरिजा सरकारबाट नागरिकता वितरण गर्न हतार गरियो, त्यही किसिमले हाम्रा नेता र उच्च ओहोदाका कर्मचारी लागेमा सिक्किमीकरण हुन धेरै कुर्नु पर्दैन । त्यो नभए पनि भुटानको स्थिति भने आउन सक्ने देखिन्छ । अहिलेको संक्रमणकालीन राजनीतिक स्थितिमा हाम्रा नेताहरूको भारत भक्ति र भारतसँग भएको अत्याधिक निर्भरताले पनि देखाइरहेको छ ।

नेपाल भारतको खुला सिमानालाई सीमा सुरक्षा निकायको निगरानीमा तारको बार या अन्य उपायबाट नियन्त्रण वा नियमित गर्दा यसबाट देशको राजस्व बढ्ने, हाम्रो जमिन सुरक्षित हुने, अपराधिक गतिविधि नियन्त्रण हुने, चेलिबेटी, महिला बेचबिखन नियन्त्रण हुने, सिमानामा बस्ने नागरिकहरूमा आफ्नो सुरक्षाको प्रत्याभूति हुने आदि इत्यादि प्रसस्तै फाइदाहरू छन् । यो कसरी गर्ने भन्ने बारेमा दुई राष्ट्रका सम्बन्धित व्यक्तिहरू बसी स्थानीय तराईका नेताहरू समेतलाई संलग्न गराई सम्झौता गर्ने व्यवस्था गर्नुपर्छ । दुवै देशको सिमानाको निश्चित क्षेत्र दशगजा (No man's Land) खालि राख्नुपर्छ ।

भूगोल तथा सिमाविद् बुद्धिनारायण श्रेष्ठद्वारा लिखित 'नेपालको सिमाना व्यवस्थापन' मा उल्लेख गरेअनुसार मजबुतसँग तारबार लगाई त्यसको रेखदेख गर्न सीमा सुरक्षा बलको पोस्टहरू निर्माण गर्न उचित हुनेछ । यसबाट स्थानीय व्यक्तिलाई सीमा वारपारमा जहाँसुकै जान आउन रोकतोक भए पनि सुविधाका लागि प्रसस्तै नाकाहरू राखी तोकिएको सिमानाको गेटबाटै आफू नेपाली भन्ने परिचय दिई जान आउन बानी पार्न केही समय लाग्न सक्छ ।

सिमानाको नाकामा जाँदा आउँदा आफ्नो नेपाली हो भने परिचय गराउने कुनै पनि कागजात, पासपोर्ट, नागरिकता, परिचयपत्र, निर्वाचनको परिचयपत्र इत्यादिबाट जान आउन सकिने हुनुपर्छ । भारतीय नागरिकलाई सोहीअनुरूप चेक गरी आवत्जावत गर्न दिनुपर्छ तर निजहरूको रेकर्ड भने अनिवार्य राखिनुपर्छ । यसबाट दुवैतर्फ के कति कस्ता मानिस ओहोरदोहोर भए, त्यसको सही रेकर्ड दुवै देशमा रहन्छ, त्यसपछि मात्र देशमा कति नागरिक र कति आप्रवासी छन् भन्ने जनगणना गर्न सकिन्छ । चेक प्वाइण्टमा मानिस र गाडी राम्रोसँग चेक गर्ने व्यवस्था हुनुपर्छ । सिमाना पार गर्दा र सामान चेक गर्दा गाडीमा भएका मानिसलाई गाडीबाट तल झारेर चेक गर्नुपर्छ ।

भारतद्वारा तीनतिरबाट घेरिएको हाम्रो देशको अस्तित्व नै गुम्न सक्छ । संसारभर फैलिएर रहेका नेपाली मात्रको राष्ट्र 'नेपाल' जोगाउन हामी सबैले लाग्नुपर्ने बेला आइसकेको छ । नत्र भने पुर्खाहरूले सिर्जना गरी जोगाएको यो सानो राष्ट्र इतिहासमा मात्र सीमित रहनेछ ।

सीमाक्षेत्रमा रहेका दुवैतर्फका बासिन्दाहरूलाई स्थानीय निकायबाट परिचयपत्र, नागरिकता, कुनै पनि किसिमको परिचयपत्र देखाएर ओहोरदोहोर गर्न सक्ने गरी नीति बनाउनुपर्छ । विभिन्न नाकाहरूबाट जान आउन सक्ने गरी अन्य स्थानलाई दुवैतर्फबाट मजबुत तारबार लगाउन दुवै देशका सरकार, नेता र स्थानीय जनताको तत्परता र पहल हुन अब ढिला गर्नु हुँदैन । त्यस्तै सुरक्षा निकायलाई रेखदेख गर्न विभिन्न स्थानमा ओ. पि.(अब्जरभेसन पोस्ट) निर्माण गर्नुपर्छ । यो कार्य सशस्त्र प्रहरी बलले गर्नुपर्छ ।

विभिन्न स्थानमा भवन निर्माण गर्दा यस्ता पोस्टहरूको योजना गरी सँगसँगै निर्माण गरिएमा उपयुक्त हुनेछ । राष्ट्रको सीमा मजबुत र व्यवस्थित बनाउने विषयमा गहन छलफल र बहस सुरु होला । यसलाई सही निर्णयमा पुऱ्याउन नयाँ नेपालका नेता कार्यकर्ताहरूले पहल गर्लान् कि भन्ने आफूलाई लागेको थियो । उक्त इलाकामा घर हुने कति व्यक्तिका आफ्ना नातागोताहरू सीमापारि भए पनि तोकिएको नाकाबाट आफ्नो परिचयपत्र देखाइ जान सक्छन् । यसबाट अनियन्त्रित रूपमा आउने अपराधिक तत्वबाट समाजमा पर्न सक्ने प्रभाव कम गर्न सकिन्छ । सिमा ब्यबस्थापन भएमा सीमापारिबाट अलि अलि गर्दै हाम्रोतर्फको मलिलो जमिन कोट्याउँदै सीमा अतिक्रमण हुने कार्य पनि रोकिन सक्छ ।


राष्ट्रको सुरक्षाका लागि पनि हामीले बलियोसँग २ वा ३ फेजको तारको बारमा कन्सर्नटिना वायर लगाई सीमा सुरक्षालाई मजबुत पार्न सकिन्छ । यसबाट खुलारूपमा आउने अवैध र अनियन्त्रित आवागमन नियन्त्रण हुन्छ ।

राष्ट्र-राष्ट्रबीचको सिमानाको महत्व अनि मात्र हुन्छ । त्यसबेला सार्वभौम राष्ट्रको अनुभूति हुन्छ । तराईका सबै जिल्लाहरूबाट आउने आम्दानीको केही प्रतिशत रकम मात्र छुट्ट्याई सम्बन्धित जिल्ला विकासहरूलाई जिम्मा दिए पनि त्यति बोझ हुँदैन । बरु सो सीमा नियन्त्रणबाट प्राप्त हुने थप राजस्वले राम्रोसँग क्षतिपूर्ति गर्ने मात्र होइन अरु आम्दानीमा वृद्धि हुनेछ ।

सही सीमा व्यवस्थापनबाट दुवै देशको सुरक्षामा प्रत्यक्ष लाभ पुगी विभिन्न समयमा हुने सीमा अतिक्रमणको वादविवाद र एकअर्कालाई लगाउने आरोप पनि रोकिन जानेछ । यसका लागि दुवै राष्ट्रका नेताहरूले यस विषयमा गम्भीर भई लागेमा अवश्य पनि यो कार्य सफल हुनेछ । यसले दुवै देशलाई फाइदा पुगी सम्बन्ध पनि अझ प्रगाढ हुनेछ ।

पार्टीका नेताहरू सरकार बाहिर बसिन्जेल राष्ट्रियताको कुरा निकै ठूलो आवाजमा गर्छन् । सीमा व्यवस्थापन गर्ने, १९५० को सन्धिलाई खारेज गर्ने कुरा भन्न बिर्सँदैनन् । सरकारमा पुगेपछि राष्ट्रिय हितलाई लत्याएर आफ्नो व्यक्तिगत स्वार्थ र छिमेकीलाई खुसी पार्न जस्तोसुकै सन्धि सम्झौता गर्न पनि पछि हट्दैनन् । सीमा व्यवस्थापनमा छिमेकी राष्ट्र भारतका बिहारी नेताले बोल्न सक्छन् भने हाम्रा नेताले किन बोल्ने आँट नगर्ने ? यसबाट अवैध घुसपेठ, लागूऔषध तस्करी, नक्कली नोट, मानव तस्करी, अपराधिक गतिविधिविरुद्ध लड्न सकिने बताएका छन् ।' नेपाल सरकारले तराईमा बढ्दो असुरक्षा, लुट, हत्या, अपहरण जस्ता अपराधिक कार्यलाई रोक्नेतर्फ यस्तै नीतिगत कुराहरू उठाउन आवश्यक छ ।

# एउटा भूमिगत राजनीतिक संगठनको गठन




■ शम्भुराम श्रेष्ठ

विक्रम संवत् १९९८ वैशाख २० गतेका दिन हामी ४ जनाले, अर्थात् प्रेमबहादुर कंसकार, सूर्यबहादुर भारद्वाज, पुष्पलाल श्रेष्ठ र म शम्भुराम श्रेष्ठ मासाङगल्लीस्थित प्रेमबहादुर कंसाकारको घरमा पहिलो औपचारिक बैठक गरी एउटा नयाँ भूमिगत राजनीतिक संगठन गठन गर्ने निर्णय गऱ्यौं । त्यो बैठके शान्तिपूर्ण तवरले राणा शासनको विरोधमा पर्चाहरु छरिए बापत राणा शासक मण्डलीले नेपाल प्रजा परिषद्का सबका सब नेता तथा कार्यकर्ताहरुमध्ये तीन जनालाई ज्यान सजाय, केहीलाई जन्मकैद र केहीलाई १८ वर्ष कैद सजाय गरी प्रजा परिषद् आन्दोलनलाई अत्यन्तै क्रूरतापूर्वक दमन गरेको बारेमा विस्तृत छलफल गऱ्यो र त्यस पार्टीको एक जना सदस्य पनि बाहिर नबचेको हुँदा त्यो आन्दोलनकै अवसान हुन जाने ठहर री हाललाई माथि उल्लेखित भूमिगत राजनीतिक संगठनलाई नेपाल प्रजा परिषद्कै नाउँ दिने निर्णय गऱ्यो । अर्थात् भनौं नेपाल प्रजापरिषद्कै नाउँमा उक्त भूमिगत राजनीतिक संगठनको स्थापना गऱ्यो । हुन त सामान्य हिसाबले भन्नु पर्दा भूमिगत राजनीतिक संगठनलाई राजनीतिक पार्टी नै भन्नुपर्छ तर सही अर्थमा त्यो राजनीतिक पार्टी थिएन, किनभने त्यसको आफ्नो मूल उद्देश्यसहितको राजनीतिक कार्यक्रम, विधान र दीर्घकालीन तथा अल्पकालीन नीति आदि केही थिएन जुन कुरा एउटा राजनीतिक पार्टीको निम्ति नभई नहुने कुराहरु हुन् । त्यसो भए त्यो के हो त भनी सोध्नु होला । त्यो त वास्तवमा तिलस्मी उपन्यासहरुबाट नराम्ररी प्रभावित एवं रोमान्टिक तथा राणा शासकहरुसँग बदला लिने भावनाले अभिप्रेरित विद्रोही युवाहरुको जमात थियो ।

यो तथ्य तल उल्लेख भए बमोजिमका हामीहरुका सोच र कार्यशैलीमा राम्ररी प्रतिविम्बित भएको छ । जस्तो कि (१) हामीहरु नयाा साथीहरुलाई पार्टीमा प्रवेश गराउँदा नजिकको वनजंगलमा राति कालो मास्क लगाएर उनीहरुलाई आफ्नो देब्रे हातमा छुराले डेढ इन्च जति चिरेर रगत निकाल्न लगाई ' पार्टीप्रति सधैं बफादार रहने, राणा शासकहरुसँग बदला नलिइ नछाड्ने र कुनै पनि हालतमा पार्टीको गुह्य कुराहरु नखोल्ने शपथ लिन लगाउन गर्थ्यौं । (२) प्रायशः तिलस्मी उपन्यासहरुमा उल्लेख भएको पाइने जस्तै हामीहरुले पनि माफिक काठमाडौं उपत्यका वरिपरिको पर्वतमालामा पार्टी संगठन र कार्यालयहरुको निम्ति सुरक्षित स्थानहरुको रुपमा गुफाहरु खोजी पत्ता लगाउने निर्णय गरी उपत्यकाका चारै दिशामा अवस्थित जामाचो, धिलाचो, फुचो जस्ता चुचुरोहरुसम्म खोज्न जाने योजना बनायौं । सोही योजना अन्तर्गत सबभन्दा पहिले हामीहरुले धिलाचोसम्म ठाडो उकालो चढ्दै जाने निर्णय गऱ्यौं । एक दिन हामीहरु बिल्कुलै रसदपानी साथमा नलिएरै मच्छेगाउँबाट ठाडै चार हात खुट्टाले झारपातहरु समाउँदै धिलाचो चढाइ प्रारम्भ गऱ्यौं । उकालो, एकदमै ठाडो र अप्ठेरो भएकाले धिलाचो (शिखर) सम्म पुग्न हामीहरुलाई ५ घण्टाभन्दा बढी समय लाग्यो । बिहान ९ बजे हतार हतार भात खाएर घरबाट निस्किई १२:३० बजेतिर चढाइ सुरु गरेको धिलाचो पुग्दा झमक्क साँझ भइहाल्यो । एकछिन पनि विश्राम गर्न पाइएको थिएन, रात परिहाल्यो र अँध्यारो गाढा हुँदै जान थाल्यो । दिनभर खान र पिउन नपाएकाले भोक र प्यासले हामीहरुलाई सताउनसम्म सताउन थाल्यो । हामीहरु थकाइ र भोक तथा प्यासले बिल्कुलै असक्त भइसकेका थियौं । तर पनि अँध्यारो निकै छिप्पिइसकेको हुनाले हामीहरु तल झर्न बाध्य थियौं । त्यसैले तुरुन्तै हामीहरु अँध्यारोमा घस्रँदै घस्रँदै अति नै जोखिमपूर्ण रुपले एकदमै ठाडो ओरालो झर्दै बल्लतल्ल रातको १२ बजेतिर मच्छेगाउँ आइपुग्यौं । जिउभर नै घाउैघाउले रगताम्य भएको थियो । त्यहाँकै एउटा पाटीमा जाडोले काम्दै रात काट्यौं र उज्यालो नहुँदै हामीहरु आआफ्नो शरीरलाई लतार्दै घरतर्फ लाग्यौं । त्यो दिन हामीहरुले एउटा पनि गुफा भेट्टाउन सकेनौं । त्यसपछि बाँकी तीनवटा चुचुरोहरुसम्म पुग्ने योजना आफसेआफ बिलाएर गयो ।

केही समयसम्म हामीहरुले बडो होरियारीसाथ पार्टी संगठनलाई उपत्यकाका तीनवटै जिल्लाहरुसम्म विस्तार गर्दै लग्यौं । वि.सं. १९९९ तिर हामीहरुले बिना कुनै कारण र नेपाल प्रजापरिषद्को नाउँ त्यागेको उल्लेखसम्म नगरेर एकाएक 'नेपाल प्रजातन्त्र संघ' को स्थापना गऱ्यौं अथवा त्यो नाउँलाई अपनायौं । त्यसो गर्नु हामीहरुको झूटो भूल थियो र साथै बेबकुफीको हद थियो । त्यो नाउँलाई त्याग्नुपर्ने कुनै कारण नै थिएन । किनभने एक त त्यो नेपाली जनताको राजनीतिक आन्दोलनको इतिहास बोकेको नाउँ र दोस्रो कुरा त्यो नेपालको जनआन्दोलनलाई निरन्तरता दिने उद्देश्यले आफूले नै अपनाएको नाउँ थियो जसको ठूलो महत्व पनि थियो । जहाँसम्म नेपाल प्रजातन्त्र संघ भन्ने नाउँको सवाल छ, त्यो नाउँले त राजनीतिक पार्टी भन्ने पनि जनाउँदैन, सामान्य सामाजिक संघसंस्थाहरु मात्र भन्ने जनाउँछ । ठीक बेठिक जे भए तापनि त्यो नाउँलाई अपनाइसकेपछि हामीहरु चार जनाको कमिटीलाई पाटनको भैरवगोपाल वैद्य र पाटनकै राजाराम कर्माचार्य र काठमाडौंको कामाक्ष देवीलाई कोअप्ट गरी सात जनाको कमिटीमा विस्तार गऱ्यौं । त्यो नयाँ विस्तारित कमिटीले पनि आफ्नो मूल उद्देश्य सहितको राजनीतिक कार्यक्रम, विधान र नीति आदिबारेमा कुनै निर्णय त गरेन । साँच्चै भन्ने हो भने त्यसको आवश्यकता नै पनि महसुस गरेन तर एउटा मार्चिङ सङ चाहिँ अपनायो । जो यस प्रकार छ :

'पहाड-पर्वत खोलानाला,
जग्गा जमिन सबको,
मालिक हामी दास बनौं किन ?
हिस्सा सबमा सबको
नास गरौं यो राणाशाही
ध्वस्त गरौं यो तानाशाही
जाऔं क्रान्ति गरौं अब
क्रान्ति गरौं ।'

त्यही समयमा हामीहरुका हातमा 'बोल्सिभिक क्रान्ति' शीर्षकको हिन्दीमा अनुवादित एउटा पुस्तक पऱ्यो । त्यसको मूल लेखक र अनुवादक दुवैका नाउँहरु याद भएन । त्यो पुस्तकले हामीहरुमा ठूलो प्रभाव पाऱ्यो । फलतः हामीहरुले आफूलाई कम्युनिस्ट ठान्न थाल्यौं । सायद त्यो नै हामीहरुले पढेको पहिलो राजनीतिक पुस्तक थियो ।